का.जि.प्र.का.द.नं. १००/०४९/५०

१७ माघ २०७९,
मंगलबार
31 January 2023,
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष ३१, अंक ६ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# तेस्रो राष्ट्रपतिमा दौड

राष्ट्रपति आलंकारिक पद भएपनि पूर्वराष्ट्रपति रामवरण यादव र राष्ट्रपति विद्यादेवी भण्डारीले गरेको शक्तिको प्रयास र अभ्यासका कारण नेताहरु राष्ट्रपति बन्न लालायित छन् । राष्ट्रपतिलाई फरक शक्ति केन्द्रको रुपमा स्थापित गर्न चाहने दलहरुको मानसिकताले पनि राष्ट्रपति चुनावमा धेरैको चासो बढेको छ ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १६ माघ ।

निर्वाचन आयोगले राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन तालिका तय गरेको छ। सोमबार भएको निर्णय अनुसार फागुन २५ गते राष्ट्रपतिको र चैत ३ गते उपराष्ट्रपतिको निर्वाचन हुनेछ । निर्वाचन आयोगले चुनावको मिति तय गरेसँगै राष्ट्रपतिका आकांक्षीहरुको दौडधुप बढे पनि चुनावी समीकरणको प्रष्ट दृष्य भने देखा परिसकेको छैन् ।

सत्ता बाहिर रहेर पनि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई विश्वासको मत दिएको नेपाली कांग्रेसले राष्ट्रपतिमा दाबी गरेको छ । कांग्रेस प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल हो । तर, कांग्रेसले राष्ट्रपति कसलाई बनाउने भन्ने निर्णय गरिसकेको छैन । तथापि, कांग्रेसबाट वरिष्ठ नेता रामचन्द्र पौडेल, कृष्णप्रसाद सिटौला, मानबहादुर विश्वकर्मा, गोपालमान श्रेष्ठ लगायत नेता राष्ट्रपतिका आकांक्षी हुन्। उनीहरुले पार्टी भित्र र बाहिर पनि संवाद बढाएका छन् ।

तर, प्रचण्डलाई प्रधानमन्त्री बनाउँदा राष्ट्रपति पाउने सहमति भएको प्रमुख सत्ता साझेदार दल नेकपा एमालेको दाबी छ । संघीय संसद् र प्रदेश सभाको अंक गणितअनुसार एमाले र माओवादी मिलेको सत्ता गठबन्धन बलियो अवस्थामा छ । यसकारण पनि एमाले नेताहरु राष्ट्रपति आफैले पाउनेमा बढी आशावादी छ। यसकारण एमालेबाट राष्ट्रपतिमा आकांक्षा राख्नेहरुको व्यस्तता बढेको छ। एमालेबाट नेताहरु ईश्वर पोखरेल, सुभासचन्द्र नेम्बाङ, अष्टलक्ष्मी शाक्य, डोरमणि पौडेल, गोमा देवकोटा र गुरु बराल लगायत आकांक्षी छन् । तर पार्टी अध्यक्ष केपी शर्मा ओलीले राष्ट्रपतिमा कसलाई अघि सार्छन् भन्नेमा स्वयम एमाले नेताहरु अनभिज्ञता प्रकट गर्छन ।

एमाले र कांग्रेसका अलवा राष्ट्रपतिका आकांक्षा राख्नेमा अन्य दलहरुबाट समेत छन् । पूर्वप्रधानमन्त्रीद्वय झलनाथ खनाल, बाबुराम भट्टराई, लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुरले पनि राष्ट्रपतिमा चाहना राखेको नेताहरु बताउँछन् । आकांक्षी थपिँदै गए पनि कुनै पनि दलले आफ्नो उम्मेदवारको टुंगो लगाइसकेका छैनन् ।

राष्ट्रपति आलंकारिक पद भए पनि पूर्वराष्ट्रपति रामवरण यादव र राष्ट्रपति विद्यादेवी भण्डारीले गरेको शक्तिको

- बाँकी पृष्ठ २ मा

राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन तालिका

## आयुक्त पौड्यालको फरक मत

**शिवराज वरियार/मध्यान्ह**
काठमाडौं, १६ माघ ।

निर्वाचन आयोगले आगामी फागुन २५ गते राष्ट्रपतिको निर्वाचन गर्ने घोषणा गरेको छ। सोमबार पत्रकार सम्मेलन गरी निर्वाचनआयोगले राष्ट्रपति र उपराष्ट्रपति निर्वाचनको मितिजानकारी गराएको हो ।

निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले फागुन २५ गते बिहीबार राष्ट्रपतिको निर्वाचन भएपछि उपराष्ट्रपति पदको निर्वाचन प्रक्रिया सुरु हुने बताए । उनले राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन आयोगले सातै प्रदेशमा मतदान गर्ने गरी आवश्यकतयारी गर्ने प्रयास गरेपनितत्काल सम्भव नदेखिएको भन्दै मतदान काठमाडौंमा नै हुने बताए।

राष्ट्रपतिको निर्वाचनका लागि १० फागुनमा मतदाता नामावली प्रकाशन गर्ने, १० र ११ गते दाबी, बिरोध र उजुरी, ११ र १२ गते निवेदनतथाउजुरी उपर छानबिन गर्ने कार्यतालिका बनाएको जानकारी दिए ।

आयोगले १२ फागुनमा अन्तिम मतदाता नामावली प्रकाशित गर्ने, १३ गते मनोनयन पत्र दर्ता गर्ने, १३ गते नै उम्मेदवारको सूचीप्रकाशन गर्ने, १४ गते उम्मेदवारको बिरुद्धमा उजुरी दिने, १४ र १५ गते मनोनयन र उजुरीमा छानबिन गरी निर्णय गर्ने जनाएको छ ।

त्यस्तै, १५ फागुनमा उम्मेदवारको नामावली प्रकाशन गर्ने, १६ गते उम्मेदवारले नाम फिर्ता लिने, १६ गते साँझ नै उम्मेदवारको अन्तिम नामावली प्रकाशित गर्ने २५ फागुनमा मतदान गर्ने आयोगका प्रवक्ता पौडेलले बताए ।

त्यस्तै उपराष्ट्रपतिको निर्वाचन ३ चैतमाहुने आयोगले जनाएको छ । उपराष्ट्रपतिको निर्वाचनका लागि मनोनयनपत्र दर्ता २७ फागुनमा दर्ता हुनेछ। २८ फागुनमा दाबी विरोधको समय दिइएको छ र सोही दिन साँझ उम्मेदवारको अन्तिम नामावली प्रकाशन हुनेछ । राष्ट्रपति विद्यादेवी भण्डारीको

- बाँकी पृष्ठ २ मा

## सूचना गोप्य राख्ने निर्णय बदर

सूचना वर्गीकरणका लागि तयार पारेको प्रस्ताव स्थगन गरी नयाँ शिराबाट छलफल गरी अगाडि बढाउने समझदारी भएपछि ८७ प्रकारका नीतिगत विषय गोप्य राख्ने गरी गरेको सूचनाको वर्गीकरणको निर्णय बदर गरिएको हो ।

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १६ माघ ।

८७ प्रकारका सूचना गोप्य राख्ने गरी गरिएको वर्गीकरणको निर्णय बदर भएको छ । सूचना वर्गीकरण समितिले ८७ प्रकारका नीतिगत विषय गोप्य राख्ने गरी गरेको सूचनाको वर्गीकरणको निर्णय तत्काल कार्यान्वयन नहुने भएको हो ।

प्रधानमन्त्रीको सचिवालयका अनुसार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको निर्देशनमा मुख्यसचिव शंकरदास बैरागीले सरोकारवालसँगको छलफलमा यो निर्णय कार्यान्वयन नगर्ने बताएका हुन् ।

मुख्य सचिव शंकरदास बैरागीको नेतृत्वमा रहेको समितिलेनै सूचना वर्गीकरण गर्दा कतिपय नीतिगत विषयलाई पनि गोप्य सूचनामा वर्गीकरण गरेको थियो । त्यसको विरोध भएपछि प्रधानमन्त्री प्रचण्डले उक्त वर्गीकरणप्रति चासो व्यक्त गर्दै सरोकारवालासँग छलफल गरेका गरेका थिए ।

अधिकारीहरुका अनुसार सूचना वर्गीकरणका लागि तयार पारेको प्रस्ताव स्थगन गरी नयाँ शिराबाट छलफल गरी अगाडि बढाउने समझदारी भएपछि कार्यान्वयन नहुने भएको हो ।

सोमबार दिउँसो प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा सरोकारवाला पक्षसँग भएको छलफलका क्रममा सूचना वर्गीकरण

- बाँकी पृष्ठ २ मा

## सुल्झिएन मिटरब्याजी समस्या

**कान्ति च्यौपाने/मध्यान्ह**
काठमाडौं, १६ माघ ।

काठमाडौं उपत्यकामा मात्रै नभई तराई मधेश सहित देशभरिका विभिन्न जिल्लामा मिटर ब्याजको समस्या थप विकराल बन्न थालेको छ । कसैलाई दिएको भन्दा दोब्बर रकमको कागजपत्र बनाएर ठग्ने त कसैलाई दृष्टिबन्धक राखेको भनेर भुक्याएर जग्गापास गर्ने कागजमा हस्ताक्षर गराएर ठग्ने, कतिपयलाई थोरै रकम दिएर पछि साहुहरु आफैले रकम थप गरेर भुक्याउने प्रवृत्ति बढ्न थालेको छ ।

सोही कारणले पटकपटक धर्ना, आन्दोलन र जुलुस गर्दै आएका पीडितले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई भेटेर समस्या समाधानमा पहल गरिदिन आग्रह गरेका छन् । हरेक सरकारले पीडितलाई आश्वासन दिए पनि समस्या समाधानमा भने हालसम्म ठोस कदम चाल्न सकेका छैनन् ।

'अघिल्लो सरकारसँग भएको सम्झौता हेर्छु । मिटरब्याजी समस्याले हजारौं किसान पीडित हुनुभएको छ । यसलाई मैले राम्रोसँग बुझेको छु । यसपटक तपाईंहरुको समस्या समाधान गर्ने कुरा मेरो प्राथमिकतामा छ, म समाधान गर्छु' प्रधानमन्त्री प्रचण्डले भने । उनले किसानका समस्याप्रति सरकार जिम्मेवार भएको दाबी समेत गरेका छन् ।




केही समयअघि सर्लाहीबाट श्याम परदेशी भन्ने श्यामकुमार साह २९९ जना ऋणीबाट र रामबाबु यादव २५ जना ऋणीसँग मिटर ब्याज लिएको अभियोगमा पक्राउ परेका थिए । तर, पक्राउ परेकालाई पनि कडा कारबाही नहुँदा धरौटीमा छुट्दा पीडितले राहत

- बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## एयरपोर्टमा कामदारको प्रस्थान व्यवस्थित र मर्यादित बनाएको दाबी

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ माघ

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमनमा वैदेशिक रोजगारीमा जाने कामदारको प्रस्थान व्यवस्थित र पूर्णरूपमा मर्यादित बनाएको बताएको छ ।

मन्त्रालयले सोमबार प्रेस विज्ञप्ति जारी गर्दै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमार्फत प्रस्थानका लागि अध्यागमन जाँचका समयमा वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको छुट्टै डेस्क रहेकोमा उनीहरुको आत्मसम्मान तथा स्वाभिमानलाई ख्याल गरी उक्त डेस्क हटाएर मर्यादित बनाइएको बताएको छ।

श्रम मन्त्रालयले गत माघ ९ गते गृह मन्त्रालयलाई छुट्टै डेस्क हटाउन पत्राचार गरेकोमा गृह मन्त्रालयले माघ ११ गते छुट्टै डेस्क हटाइ सहजरूपमा अध्यागमन चेकजाँच शुरू गरिएको जानकारी दिएको समेत विज्ञप्तिमा उल्लेख छ ।

त्यस्तै सेवा सुधारका क्षेत्रमा अभियान नै सञ्चालन गरिरहेको भन्दै मन्त्रालयले सुधारका अभियानमा साथ दिन सरोकारवालाहरुलाई आग्रह गरेको छ । मन्त्रालयले तत्कालीन मन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)को कार्यकालमा करिब एक वर्षअघि विभागका कर्मचारीले विमानस्थल श्रम डेस्कबाट ई-स्टिकरमा छाप लगाउने व्यवस्था हटाएको थियो ।

वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारीमा जाने कामदारको श्रम स्वीकृति क्यूआर कोडसहितको ई-स्टिकर सम्बन्धित कामदारको इमेल तथा कामदारको फोनमिस एकाउण्टमा नै उपलब्ध गराएर श्रम डेस्क हटाएको हो । श्रम स्वीकृतिको जानकारी कामदारको मोबाइलमा एसएमएसमार्फत उपलब्ध गराउन थालिएपछि विदेश जाने कामदारले आफूलाई प्राप्त क्यूआर कोडसहितको ई-स्टिकर मोबाइलमा डाउनलोड वा प्रिन्ट गरेर राखे हुने व्यवस्था गरिएको छ ।

उक्त व्यवस्था लागू गरेदेखि वैदेशिक रोजगारीमा जाने कामदार र म्यानपावर व्यवसायीले लेबर डेस्कको झन्झटबाट मुक्ति पाएका हुन् । पहिलोपटक वैदेशिक रोजगारमा जाने कामदार कतिपय कर्मचारीको रूखो व्यवहारबाट पीडित हुनुपरेको गुनासो रहेको थियो । मन्त्रालयले विमानस्थलस्थित विभागको लेबर डेस्कलाई सूचना तथा सहायता कक्षमा परिवर्तन गरेपछि सहज भएको बताएको छ ।

### 'फेक टेलिफोन कल'बाट सावधान हुन दूतावासको आग्रह

**काठमाडौं/सम-** साउदी अरेबियास्थित नेपाली दूतावासले उक्त मुलुकको गृह मन्त्रालयबाट भन्दै आउने 'फेक टेलिफोन कल'देखि सावधान हुन आग्रह गरेको छ । नेपाली दूतावासले एक विज्ञप्ति जारी गर्दै विगत केही समयदेखि साउदी अरेबियाका टेलिफोन कम्पनीका मोबाइल नम्बर प्रयोग गरी गृह मन्त्रालयबाट भन्दै नेपाली कामदारहरुलाई विभिन्न प्रलोभनसहितका टेलिफोन गर्ने गरिएको जनाएको छ । दूतावासले त्यस्ता फोनबाट सचेत रहन नेपाली कामदारहरुलाई आग्रह गरेको छ ।

फेक कल गर्नेहरुले कामदारको बैंक खाता विवरण, अब्सेर अकाउण्टको पासवर्ड, इकामा नम्बर, पिन नम्बर जस्ता गोप्य व्यक्तिगत विवरण माग्दै दिन आनाकानी गरेमा साउदी अरेबियाको कानूनअनुसार कडा कारवाही गर्ने धम्कीसमेत दिने गरेको दूतावासले जनाएको छ ।

दूतावासले त्यसरी अनधिकृतरूपमा विवरण दिएकाहरुको बैंक खाताबाट रकम चोरी भएको र सम्पूर्ण रकम चोरी हुँदा कतिपय बिचल्ली हुने अवस्था आएको उल्लेख गरेको छ । दूतावासले साउदीको र

- बाँकी पृष्ठ २ मा

## नेपाल वैदेशिक रोजगार व्यवसायी संघको अत्यन्त जरुरी सूचना

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र संघबीच भएको छलफलअनुसार तपशिलको विषयमा तत्काल ध्यान दिन सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीलाई हार्दिक अनुरोध गर्दछौं ।

१) वैदेशिक रोजगारमा जाने कामदारको व्यक्तिगत विवरण/अभिलेख (राहदानी, नागरिकता, शैक्षिक प्रमाणपत्र) प्रतीलिपि/कागजात सुरक्षित तरिकाले रिसाइकल वा व्यवस्थापन नभएका कारण विभिन्न घटना भएको हुँदा कामदारको व्यक्तिगत विवरण खुल्ने कागजात व्यवस्थित र सुरक्षित तरिकाले व्यवस्थापन गर्न/गराउन अनुरोध गर्दछौं।

२) वैदेशिक रोजगारीका लागि आवेदन दिई अन्तर्वार्तामा छनोट भएका व्यक्तिहरुको राहदानी वा कुनै पनि व्यक्तिको परिचय खुल्ने सक्कल कागजात राख्नुपर्ने प्रयोजन खुलाई मञ्जुरीनामा लिई मात्र राख्न यसै सूचनामार्फत सूचीत गर्दछौं।

३) लामो समय राहदानी राख्ने र फिर्ता नगरेको गुनासो बढिरहेको समस्यालाई समाधान गर्न, भिसा पर्खाइमा रही FEIMS system मा प्रविष्ट (Entry) भएका व्यक्तिहरुबाहेक अन्य कुनै व्यक्तिको सक्कल राहदानी कार्यालयमा नराख्न हार्दिक अनुरोध गर्दछौं।

४) भिसा प्राप्त भई उडान नगरेका कुनै व्यक्ति छन् भने ती व्यक्तिहरुको सक्कल राहदानी फिर्ता लिन आउन नामावली सूचनापाटी र कम्पनीको वेबसाइट वा फेसबुक पेजमा सूचीत गराउन अनुरोध गर्दछौं ।

मेघनाथ भुर्तेल
महासचिव

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
बतिसपुतली गौशाला काठमाडौं फोन नं. ०१-४४९०९६९/४४९४०१८

# भूकम्प आउने हल्लाले रातभर जाग्राम



**सरिता पराजुली/मध्यान्ह**
जुम्ला, १६ माघ

जुम्ला र मुगुमा भूकम्प आउने भ्रामक हल्ला फैलाइएपछि स्थानीयहरु रातभर घर बाहिरै बस्न बाध्य भएका छन् । भूकम्प आउने त्रासका कारण मानिसहरु घर बाहिर निस्केर आगो बालेर रात कटाउन बाध्य भएका हुन् । जुम्लाको माइनस डिग्रीको कठ्यांग्रिदो चिसोमा मानिसहरु भूकम्प आउने भ्रामक हल्लाले खुला र सुरक्षित स्थानमा आगो बालेर बस्न बाध्य भएका हुन् । दिउँसो १ का दिवस शाहीलाई राति २ बजे ठूलो भूकम्पक आउँदैछ भनेर आफन्तको फोन नै आयो । त्यसपछि आत्तिएर घर परिवारलाई खुला स्थानमा लगेर रातभरि आगो बालेर बस्न बाध्य भएको उनी बताउँछन् । शाहीजस्तै जुम्लाका सबै स्थानीय तहका नागरिक भूकम्पको त्रासले चिसोमा बस्न बाध्य भएका थिए ।

हल्ला फैलाउनेको खोजी शुरु

जिल्ला प्रशासन कार्यालय जुम्लाको आदेशमा प्रहरीले भूकम्प आउने भ्रामक हल्ला फैलाउने मानिसको खोजी शुरु गरेको छ । भूकम्प आउने कुरा भ्रामक हो भनेर कतिपयले सामाजिक सञ्जालमार्फत सकारात्मक सन्देश पनि दिइरहेका थिए । भूकम्प आउँदैछ भन्ने विषयबारे खुम्न मानिसहरुले स्थानीय प्रशासनलाई समेत टेलिफोन गरेका थिए । जुम्लाका प्रमुख जिल्ला अधिकारी मुकेश कुमार केसरीले आफूलाई रातभर फोन आएर हैरान बनाएको बताए ।

मानिसहरुलाई यसरी दुःख दिनेको खोजी कार्य शुरु भएको र कारबाही गरिने प्रमुख जिल्ला अधिकारी केशरीले बताए । कर्णाली प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालय विपत व्यवस्थापन शाखा प्रमुख कृष्णबहादुर रोकायाले भूकम्प आउने पूर्व अनुमान पहिले नै गर्न नसकिने भन्दै हल्लाकोपछि नलाग्न आम नागरिकलाई अनुरोध गरेका छन् । हल्ला फैलाउने व्यक्तिको खोजी गरी कारबाही गर्नुपर्ने उनले बताए ।

# खोप अभियानमा शतप्रतिशत सफलता हासिल गरिने

**काठमाडौं/मस-** स्वास्थ्य तथा जनसंख्यामन्त्री पदम गिरीले खोप अभियानमा शतप्रतिशत सफलता हासिल गर्नका लागि सबै मिलेर अघि बढ्नुपर्ने बताएका छन् ।

स्वास्थ्य सेवा विभागको परिवार कल्याण महाशाखाले आयोजना गरेको कोभिड-१९ खोप, नियमित खोप तथा दादुरा-रुबेला प्रकोपको तयारी र प्रतिकार्यसम्बन्धी राष्ट्रिय समीक्षा गोष्ठीमा उहाँले खोप अभियानलाई सफल बनाउन जनप्रतिनिधि, युवा समूह तथा संघसंस्थाहरुको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै सबै मिलेर खोप अभियानलाई शतप्रतिशतमा पुऱ्याउनुपर्ने बताए ।

अहिले कोरोना विरुद्धको खोप लक्षित जनसंख्याको ९९.५ प्रतिशतले पहिलो मात्रा र ९५.७ प्रतिशतले पूर्ण मात्रा खोप लगाइसकेको छ । यस्तै कूल जनसंख्याको ७९.५ प्रतिशत पहिलो मात्रा र ७६.५ प्रतिशतले पूर्ण मात्राको खोप लगाइसकेका छन् । मन्त्री गिरीले सबै जनताको पहुँचमा स्वास्थ्य सेवालाई पुऱ्याउन प्रयासमा सरकार लागिरहेको भन्दै सबैको पहुँचमा स्वास्थ्य सेवालाई पुऱ्याउनका लागि जनशक्ति र पूर्वाधार थपिने बताए ।

'स्वास्थ्य क्षेत्रभित्र धेरै समस्या छन् । गरिब विपन्न जनताले अझै पनि गुणस्तरीय सेवा पाइसकेका छैनन् । एउटा मानिस बिरामी हुँदा महँगो शुल्क तिरेर उपचार गर्नुपरेको छ, उनले भने, 'जनतामा स्वास्थ्यमा आधारभूत परिवर्तन आयो है भन्ने महसुस गराउने गरी हामी भविष्यमा आउँछौं ।' मन्त्री गिरीले खोप अभियानलाई सफल बनाउनका लागि केही पक्षमा विशेष ध्यान दिनुपर्ने बताए । 'खोपका सन्दर्भमा आमजनता र समुदायको धारणा के छ भन्ने विषयमा राम्रोसँग अध्ययन गर्नुपर्‍यो । ती समुदायमा हाम्रो स्वास्थ्यकर्मी र जनप्रतिनिधिलाई ठूलो रुपमा परिचालन गर्ने ठोस योजना बनाउनुपर्छ, उनले भने, 'प्रत्येक घर र व्यक्तिसम्म यो अभियानलाई लैजान हामी चुक्न हुँदैन ।' मन्त्री गिरीले सबै बालबालिकाको अभिलेख डिजिटल प्रणालीभित्र राख्नुपर्ने बताए । 'जन्मेको बच्चाको अभिलेख अस्पतालमा हुने भइहाल्यो । तर अझै पनि गाउँघरमै सुत्केरी गराउने चलन पनि छ । जसकारण बच्चाहरु खोप लगाउन छुटेको अवस्था छ । नेपालमा हरेक बच्चा जन्मेको सूचना स्वास्थ्य प्रणालीमा हुनुपर्‍यो । पहिलो खोप लगाएको एउटा बच्चाले दोस्रो खोप लगाएन भने तपाईंको बच्चा किन आएन भनेर अभिभावकलाई फोन गर्न के गाह्रो छ ?' परिवार कल्याण महाशाखाका निर्देशक डा विवेककुमार लालले लक्षित समूहलाई बुस्टर डोज लगाउने भइरहेको जानकारी दिए ।

# 'आयोग न्यून बजेटमा काम गर्दैछ'

**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, १६ माघ



मुस्लिम आयोगका अध्यक्ष समिम मियाँ अन्सारीले आयोगले मुस्लिम समुदायको हकहितमा काम गर्दै आइरहेको बताएका छन् । मुस्लिम समुदायबाट प्रतिनिधि सभा, राष्ट्रिय सभा र प्रदेश सभामा निर्वाचित सदस्यहरूलाई सम्मान गर्दै उनले नवनिर्वाचित सासदहरूले पनि आयोगको काममा सहयोग गर्नुपर्ने बताए ।

अध्यक्ष अन्सारीले भने, 'आयोग न्यून बजेटमा काम गर्दैछ, यसतर्फ सरकारको ध्यानाकर्षण भएको छैन । मुस्लिम समुदायको पहिचान स्थापित गर्न राष्ट्रिय मुस्लिम संघर्ष गठबन्धनले सशक्त आन्दोलन गरेर नै यो सम्भव भएको थियो । आज पनि मुस्लिम समुदाय जाग्नुपर्छ र यसले आयोगलाई बल मिल्नेछ ।'

कार्यक्रममा प्रमुख वक्ताको रूपमा अवधारणा राख्दै पूर्वमन्त्री जाकिर हुसैनले मुस्लिम आन्दोलनको भाष्यको रूपमा स्थापित 'मुस्लिम समुदायको पृथक राष्ट्रिय पहिचान' स्थापित भएर आएकोले अब समुदायको यस भाष्यलाई विकास गर्दै अगाडि बढ्नुपर्ने बताए । उनले मुस्लिम समुदायको ठूलो हिस्सा मधेशमा रहेको र मुस्लिम समुदायको मधेशी पहिचान पनि गुम्न नदिन सबै सचेत रहनुपर्ने बताए ।

कार्यक्रममा संघीय सासद सेराज अहमद फारुकी, असिम शाह, शेहनाज बेगम, कल्पना मियाँ, मौलाना खालिद सिद्दिकी, संविधानसभा सदस्य नजिर मियाँ, पूर्व सासद रुही नाज र मुस्लिम प्रदेश सभा सदस्यहरूको उपस्थिति रहेको थियो ।

मुस्लिम आयोगकै सभाकक्षमा आयोगका अध्यक्ष, पदाधिकारीहरू र सचिवले प्रतिनिधि सभा, राष्ट्रिय सभा, प्रदेश १, मधेश प्रदेश र लुम्बिनी प्रदेशका सदस्यहरूलाई सम्मान गरेका थिए ।

# हिरासतबाट फरार ६ जनामध्ये एक पक्राउ

**धनुषा/मस-** धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-५ स्थित इलाका प्रहरी कार्यालय महेन्द्रनगरको हिरासतबाट फरार भएका ६ जना धुनुवामध्ये एक जनालाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय महेन्द्रनगरको हिरासत कक्षको पर्खाल फोडेर सोमबार बिहान ६ जना धुनुवाहरू फरार भएका थिए ।



हिरासत कक्षबाटै धुनुवाहरू फरार भएपछि जिल्ला प्रहरी कार्यालय धनुषा र मधेस प्रहरी कार्यालयको संयुक्त टोलीले सर्च अपरेसन टोली खटाएर खोजतलास तीव्र पारेको छ । सर्च टोली फरार धुनुवामध्ये रोशन महतोलाई पक्राउ गर्न सफल भएको हो । मिथिला नगरपालिका ६ का २८ वर्षीय महतोलाई सोमबार बेलुका पुन: पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी नायब उपरीक्षक प्रदीप क्षेत्रीले जानकारी दिए । उनीमाथि हातहतियार खरखजाना मुद्दा चलिरहेको छ । महतोलाई हतियारसहित गत शनिबार मात्रै पक्राउ गरेर प्रहरीले सार्वजनिक गरेको थियो ।

महतोलाई धनुषाको मिथिला नगरपालिका ८ कुसुमखिह्यौनास्थित आफन्तको घरमा लुकिरहेको अवस्थामा पक्राउ गरिएको हो । प्रहरी हिरासतबाट फरार अन्य पाँचजनाको खोजी भइरहेको प्रहरी नायब उपरीक्षक क्षेत्रीले बताए । हिरासतबाट ६ जना धुनुवा एकैसाथ फरार भएपछि ड्युटीमा रहेका इलाका प्रहरी कार्यालयका दुई प्रहरीलाई निलम्बन गरिएको छ भने घटना छानबिनका लागि जिल्ला प्रहरी कार्यालय र प्रदेश प्रहरी कार्यालयले छुट्टाछुट्टै समिति बनाएका छन् ।

लागुऔषध, हातहतियार, अभद्र व्यवहारका सातजना धुनुवामध्ये ६ जना धुनुवा हिरासत कक्षको पर्खाल भत्काएर फरार भएका थिए । पुरानो भवनमा रहेको हिरासत कक्षको शौचालयको ढोका फोरेर बिहान ३ बजे धुनुवाहरू फरार भएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी उपरीक्षक विश्वराज खड्काले बताए ।

### तेस्रो ...

प्रयासर अभ्यासका कारण नेताहरू राष्ट्रपति बन्न लालायित छन् । राष्ट्रपतिलाई फरक शक्ति केन्द्रको रूपमा स्थापित गर्न चाहने दलहरूको मानसिकताले पनि राष्ट्रपति चुनावमा धेरैको चासो बढेको छ । चासोको केन्द्रमा छ-नेकपा माओवादी केन्द्र । राष्ट्रपति निर्वाचनमा निर्णायक देखिएको माओवादी केन्द्र आफैंमा भने अनिर्णित छ । उसले एमाले र कांग्रेस वा तेस्रो दलको उम्मेदवार सघाउने कि आफ्नै उम्मेदवार खडा गर्ने केही भनेको छैन । माओवादीले राष्ट्रिय सहमतिको आधारमा राष्ट्रपति चुन्नु पर्ने मत प्रकट गरेको छ ।

'२०७९ सालफागुन २५ गते राष्ट्रपतिको र २०७९ साल चैत ३ गते उपराष्ट्रपतिको निर्वाचनको मितितोक्ने र सो बमोजिमको निर्वाचन कार्यक्रम प्रकाशन गर्ने गरी मा प्रमुख आयुक्त दिनेशकुमार थपलिया, मा आयुक्त रामप्रसाद भण्डारी, मा आयुक्त जानकी कुमारी तुलाधर एव मा. आयुक्त सगुनसम्शेर ज.ब.रा.बाट भएको निर्णय प्रचलित राष्ट्रपति र उपराष्ट्रपति निर्वाचन सम्बन्धी ऐन-२०७४ को प्रतिकुल भएको हुँदा राष्ट्रपति तथा उपराष्ट्रपति सम्बन्धि ऐन २०७४ को दफा ४ र ५ संशोधन गरी मात्र निर्वाचनको मिति तोक्न यो फरक मत प्रस्तुत गरेको छु' पोड्यालको फरक मतमा उल्लेख छ ।

### राष्ट्रपति ...

कार्यकाल आउँदो २८ फागुनमा सकिँदैछ । राष्ट्रपतिको कार्यकाल ४ दिनबाँकीहुँदै निर्वाचन हुन लागेको हो ।

निर्वाचन आयोगकै आयुक्त इश्वरी पौड्यालले भने कार्यकाल सकिनु एक महिना अगाडि निर्वाचन गरिसक्नुपर्ने कानुनी प्रावधान पालना नभएको भन्दै निर्णयमा फरक मत राखेका छन् ।

यदि २५ फागुनमा राष्ट्रपति र ३ चैतमा उपराष्ट्रपतिको चुनाव गर्ने हो भने राष्ट्रपति र उपराष्ट्रपति निर्वाचन सम्बन्धी ऐनको दफा ४ र ५ संशोधन गर्नुपर्ने उनको तर्क छ ।

### सूचना...

गर्दा नेपालको संविधान र सूचनाको हक सम्बन्धी प्रचलित कानुनको प्रतिकूल हुन नहुने र वास्तविक सूचना प्रवाहित गर्दा राजनीतिक प्रणाली र लोकतन्त्र बलियो हुनेमा सरोकार पक्षले सरकारको ध्यानाकर्षण गरिएको हो । छलफलमा मुख्यसचिव एव समितिका संयोजक शंकरदास बैरागीले आफूहरुले सूचनाको हक कुण्ठित गर्न नभएर सूचना व्यवस्थित गर्न वर्गीकरणको प्रस्ताव अगाडि सारेको तर्क गरेका थिए । नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेलले लोकतान्त्रिक प्रणालीमा जनतालाई शक्तिशाली बनाउन सूचनाको हकको व्यवस्था गरिएकाले वर्गीकरणको प्रस्ताव फिर्ता लिएर नयाँ ढगले छलफल गर्न नेपाल सरकारसँग आग्रह गरे । छलफलका क्रममा सरकारका प्रतिनिधि र सञ्चार क्षेत्रका प्रतिनिधिहरुबीच अहिले अगाडि बढाएको प्रस्तावलाई फिर्ता गरी सरोकारवाला पक्षसँगको समभदारीमा नयाँ प्रस्ताव लेजाने समभदारी भएको अधिकारीहरु बताउँछन् ।

### सुल्भिएन...

महशुस गर्न सकेका छैनन । अभ ऋण दिएको रकम उठाउन 'बाउन्स चेक' बोकेर उजुरी दिन प्रहरी कार्यालय पुग्नेहरू नै मिटरब्याजीको अभियोगमा पक्राउ पर्ने गरेको प्रहरीको तथ्याकमा छ ।

बैङ्क तथा वित्तीय संस्थाहरूले सबै क्षेत्रका सर्वसाधारणलाई सहज रूपमा कर्जा दिने कुरामा कुनै चासो देखाएनन् । त्यसले गर्दा औपचारिक रूपमा ऋण लिने संस्थामा सीमित टाठाबाठाहरूको मात्र हालीमुहाली भयो । अनि विपन्न वर्गले यस्तो साहु महाजनकहाँ धाइरहनुपर्ने अवस्था बन्यो' वरिष्ठ अर्थविद् डा चन्द्रमणि अधिकारीले भने । उनले सरकारले कर्जा प्रवाहलाई सहजीकरण गरेर यस्ता गतिविधिलाई निरुत्साहित गर्नुको सट्टा ठगी गर्नेलाई समेत कारबाहीको दायरामा ल्याउन नसकेको बताएका छन् । त्यसो त, पीडितहरु आन्दोलित भएपछि सरकारले छानबिनका लागि गत साउन २७ गते आदेश समेतको व्यवस्था सिफारिस गर्न कार्यदल गठन गरेको थियो । कार्यदलले साउन २८ गते नै देशभरका सम्पूर्ण मिटरब्याज पीडितलाई सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरूमा यसबारे उजुरी दिन सार्वजनिक आह्वान गरेको थियो ।

उक्त कार्यदलको प्रतिवेदन अनुसार देशभरमा सबैभन्दा बढी उजुरी सर्लाहीमा परेको थियो, जसमा सर्लाहीमा पुस ११ सम्म ५६७ उजुरी परेकोमा नौ वटा जिल्ला प्रशासनबाट समाधान भएका थिए भने ६१ वटा उजुरी जिल्ला प्रशासनमा कारबाहीका क्रममा रहेको देखिएको छ ।

त्यस्तै, ४९७ वटा उजुरी कारबाही प्रक्रियामा नगएको कार्यदलले जनाएको थियो । देशभरिमै मिटरब्याजी पीडितको संख्या उच्च भएपनि सरकारी संयन्त्रले चुस्त काम नगर्दा समस्या नसुल्भिएको सरोकारवालाहरु नै बताउँछन् ।

### फेक...

मन्त्रालय तथा अन्य निकायले डाटा अपडेट गर्न फोन नगर्ने भन्दै विवरण अपडेट गर्दा सम्बन्धित मोबाइल एप तथा आधिकारिक च्यानलबाट गर्नसमेत आग्रह गरेको छ ।

# बढ्दो सवारी दुर्घटना

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ माघ

काठमाडौं उपत्यकामा मात्रै दुई दिनको अवधिमा सवारी दुर्घटनामा चार जनाको मृत्यु भएको छ । आइतबार र सोमबार दुई दिनको बीचमा सवारी दुर्घटनामा चार जनाको मृत्यु भएको हो । काठमाडौं महानगरपालिका-१२ सीतापाइलास्थित सडकमा सोमबार भएको सवारी दुर्घटनामा गम्भीर घाइते भएका अर्को एकको पनि मृत्यु भएको छ । योसँगै उक्त दुर्घटनामा मृत्यु हुने दुई पुगेका छन् । अन्य तीनजना घाइते भएको महानगरीय प्रहरी वृत्त कालीमाटीले जनाएको छ ।

सोमबार बिहान बा २ ख ८३६८ नको बस र ना१ज २४९१ नको सुमो गाडी एकापसमा ठक्कर खाँदा बसमा सवार रसुवा गोसाईंकुण्ड गाउँपालिका-६ घर भई हाल काठमाडौंको पुतलीसडक बस्ने ५२ वर्षीया यायाल्म घलेको मृत्यु भएको थियो ।

उपचारका क्रममा बसका सहचालकको मृत्यु भएको प्रहरी वृत्त कालीमाटीका प्रहरी नायब उपरीक्षक अनिलकुमार घिमिरेले जानकारी दिए । साथै दुर्घटनामा बसमा सवार तीनजना घाइते भएका छन् । सुमोका चालकलाई नियन्त्रणमा लिइएको र हाल फरार बस चालकको खोजी जारी रहेको घिमिरेले जानकारी दिए ।

ललितपुरमा दुर्घटनामा दुई जनाको ज्यान गएको छ । ६ जना घाइते भएका छन् । ललितपुर महानगरपालिका १७ ग्वार्कोमा बा २ ज ३४२० नम्बरको ट्याक्सी र बा ४ च १ नम्बरको कार गएराति साढे १२ बजे ठोक्किँदा ट्याक्सीमा रहेका ललितपुरको ताम्बीखेल बस्ने सुनसरीका ४७ वर्षका सरोजकुमार बिक र काठमाण्डौको कलंकी बस्ने मोरङका अन्दाजी ३५ वर्षका धनबहादुर बस्नेतको ज्यान गएको प्रहरीले जनाएको छ ।

घाइते दुवै जनाको बी एण्ड बी अस्पतालमा उपचारका क्रममा गएराति नै ज्यान गएको हो । यस्तै दुर्घटनामा घाइते भएका अन्य ६ जनाको पनि सही अस्पतालमा उपचार भइरहेको छ । घाइतेमध्ये कार चालक भापा बिर्तामोडका ३५ वर्षका वीरबहादुर विकको अवस्था गम्भीर छ ।

### बढ्दो सवारी दुर्घटना

नेपालमा पछिल्लो समय सवारी दुर्घटना बढ्दै गएको छ । नेपाल प्रहरीको तथ्याकअनुसार पछिल्लो साढे सात वर्षमा देशभर दुई लाख १० हजार एक सय ८३ सवारी दुर्घटना भएका छन् । जसमा १८ हजार नौ सय १८ ले ज्यान गुमाए भने ३७ हजार पाँच सय ८१ गम्भीर घाइते भएका छन् ।

यो आर्थिक वर्ष ०७२/७३ देखि चालू आव ०७९/८० को मसिर मसान्तसम्मको तथ्याक हो ।



पछिल्लो पाँच वर्षमा भने सबैभन्दा धेरै सवारी दुर्घटना काठमाडौं उपत्यकाभित्र भएका छन् । तर, दुर्घटनामा ज्यान गुमाउने धेरै मधेस प्रदेशमा छन् । उपत्यकाभित्र पाँच वर्षमा ७७ हजार दुई सय १४ दुर्घटना भए, जसमा एक हजार ३१ ले ज्यान गुमाए । सोही अवधिमा मधेसमा २० हजार आठ सय ९० दुर्घटना भए । जसमा दुई हजार नौ सय ८३ ले ज्यान गुमाए ।

लुम्बिनीमा ६ हजार सात सय ५१ दुर्घटना हुँदा दुई हजार पाँच सय आठजनाले ज्यान गुमाएका छन् । प्रदेश १ मा भएको १६ हजार तीन सय २१ सडक दुर्घटनामा दुई हजार चार सय १९ ले ज्यान गुमाएका छन् । यस अवधिमा बागमतीमा सात हजार नौ सय २४ दुर्घटना भए, जसमा दुई हजार तीन सय ८७ ले ज्यान गुमाएको प्रहरीको तथ्याक छ ।

त्यस्तै कर्णालीमा भएका एक हजार पाँच सय सात दुर्घटनामा पाँच सय ९९ र सुदूरपश्चिममा भएका दुई हजार तीन सय ३४ दुर्घटनामा नौ सय ६२ को ज्यान गएको प्रहरीको तथ्याकमा उल्लेख छ ।

### दुर्घटना न्यूनीकरण गर्न कार्यदल

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले पूर्वसचिव शरद्चन्द्र पौडेलको संयोजकत्वमा सवारी दुर्घटना न्यूनीकरण अध्ययन कार्यदल गठन गरेको छ । उपप्रधान एव भौतिक पूर्वाधार तथा यातायातमन्त्री स्तरीय निर्णयबाट सवारी प्रदूषण, सवारी सुरक्षा एव दुर्घटना न्यूनीकरणसम्बन्धी अध्ययन प्रतिवेदन तयार गर्न कार्यदल गठन गरिएको हो । कार्यदलले सवारी प्रदूषण, सवारी सुरक्षा एव दुर्घटना न्यूनीकरणसम्बन्धी अध्ययन गर्नेछ ।

कार्यदल सदस्यमा नेपाल प्रहरीका पूर्वअतिरिक्त महानिरीक्षक (एआइजी) विज्ञानराज शर्मा, पुल्चोक इन्जिनियर क्याम्पसका डा. पदमबहादुर शाही, आइटी इन्जिनियर विजय पौडेल, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ अध्यक्ष वा प्रतिनिधि र यातायात व्यवस्था विभागका महानिर्देशक सदस्यसचिव रहेका छन् ।

# दुर्घटना न्यूनीकरण गर्न स्वास्थ्य परीक्षण



**नुवाकोट/मस-** नुवाकोटमा सवारीसाधन चलाउँदै आएका चालक र सहचालकको स्वास्थ्य परीक्षण गर्न थालिएको छ । आइतबारदेखि थालिएको सो शिविरमा जिल्ला सदरमुकाम बिदुरको सडक हुँदै आउजाउ गर्ने विशेष गरेर यात्रुवाहक सवारी साधनको चालक र सहचालकको स्वास्थ्य परीक्षणसहित औषधि उपलब्ध गराइएको ट्राफिक प्रहरी कार्यालय नुवाकोटका प्रमुख वरिष्ठ प्रहरी नायब निरीक्षक मिलनकुमार सिंहले जानकारी दिए । उनका अनुसार सवारी दुर्घटना न्यूनीकरण गर्न लागी चालक र सहचालकको स्वास्थ्य परीक्षण गरेर चिकित्सकको पुर्जीअनुसार उनीहरुलाई अत्यावश्यक औषधि निःशुल्क वितरण थालिएको हो ।

'सवारी दुर्घटनाको कारणमध्ये चालकको लापर्बाहीमा उसको स्वास्थ्य अवस्था प्रमुख समस्या पाइएपछि शिविर सञ्चालनमा ल्याइएको हो' उनले भने । परीक्षणमा संलग्न स्वास्थ्यकर्मीले चालक-सहचालकको आँखा, रक्तचापलगायतको अवस्थालाई प्राथमिकता दिएर परीक्षण गराउन थालिएको छ ।'

ट्राफिक प्रहरीले यसअघि 'चालकसँग दुई मिनेट' कार्यक्रममार्फत यात्रामा रहेका चालकलाई रोकेर ट्राफिक नियम तथा जनचेतना जगाउँदै आइरहेको थियो । उक्त कार्यक्रम प्रभावकारी भए पनि चालकले गाडी रोकर बस्न बाध्य बनाएकोजस्तो प्रतिक्रिया देखाएपछि उक्त अभियानलाई समेत सहयोग पुऱ्याउने उद्देश्यले परिस्कृत स्वरुपमा स्वास्थ्य शिविर सञ्चालनमा ल्याइएको हो ।

यात्रुवाहक सवारी साधनको चालक र सहचालकले यात्रुलाई सेवा पुऱ्याउने क्रममा आफ्नो घरमा समेत पुग्न नसक्ने, स्वास्थ्य जाँच गराउन समय दिन नसक्ने तथा स्वास्थ्य समस्या देखिएपनि गाडी चलाएर आउजाउ गर्दा बासस्थान परिवर्तनले नियमित औषधि सेवन गर्न नपाएको समस्यालाई समेत शिविरबाट लाभ पुग्ने प्रहरीले जनाएको छ ।

पछिल्लो एक महिनादेखि सबै किसिमका सवारी साधनको पाटपुर्जाको अवस्था जाँच शुरु गरेको ट्राफिक प्रहरीले आइतबारदेखि शुरु गरेको चालकको स्वास्थ्य परीक्षण शिविरलाई नियमित रुपमा अघि बढाउँदै लैजाने जनाएको छ । स्वास्थ्य परीक्षणको लागि सापकोटा मेडिकल हल तथा पोलिक्लिनिक बट्टारले स्वास्थ्यकर्मी र आवश्यक औषधि निःशुल्क उपलब्ध गराएको छ ।

शिविरमार्फत चालक र सहचालकको स्वास्थ्य परीक्षणसहित उनीहरुलाई ट्राफिक नियमसम्बन्धीको जानकारी गराउने र सोही समयमा सवारी साधनको पाटपुर्जासमेत जाँच गरिने ट्राफिक प्रहरी प्रमुख सिंहले बताए । शिविरमार्फत चालक तथा सहचालकलाई केही समय आराम गरेर मानसिक रुपमा तन्दुरुस्ती बनाउन र ट्राफिक प्रहरीसँगको सहकार्य बढाउन समेत सहयोग पुग्ने विश्वास गरिएको छ ।




निर्मला कुर्मीलाई न्यायको माग गर्दै अधिकारकर्मीसहित आफन्त माइतीघरमा धर्ना दिँदै । बाँकेकी अधिकारकर्मी रुबी खानसहित कुर्मीका परिवार हरेक दिन बिहान १० बजेदेखि बेलुकी ५ बजेसम्म धर्नामा बस्ने गरेका छन् । उनीहरु धर्ना दिन थालेको सोमबार ३३ दिन पुगेको छ । *तस्बिर: मध्यान्ह*

# शून्य र विशेष समयमा उठेका विषयमा सात दिनभित्र जवाफ दिनुपर्ने

**काठमाडौं/मस-** नियमावली मस्यौदा समितिको सोमबार बसेको बैठकले शून्य र विशेष समयमा उठेका विषयको जवाफ सम्बन्धित मन्त्रीले सात दिनभित्रमा सदनलाई उपलब्ध गराउनुपर्ने निर्णय गरेको छ । समितिले प्रतिनिधिसभा नियमावली, २०७५ को परिच्छेद- ४ को नियम ११ देखि १५ सम्म दफावार छलफल गरेको थियो । छलफल पछिको निष्कर्षमा नियम १५ को शून्य र विशेष समयको दफा २ को १ मा पाँच दिनको सट्टामा सात दिनभित्र सभामुखमार्फत् सदनलाई जवाफ उपलब्ध गराउनुपर्ने निर्णय भएको प्रतिनिधि सभाका प्रवक्ता एकराज गिरीले जानकारी दिए ।



छलफलमा उपस्थित सांसदहरूले सबै प्रश्नको जवाफ दिनका लागि समय व्यवस्थापन गर्न मन्त्रीलाई सहज हुने भन्दै लागि सात दिन उपयुक्त भएकामा सहमति जनाएका थिए । बैठकले बढीमा २१ जना सदस्य रहेको एक कार्यव्यवस्था परामर्श समिति गठन गर्ने निर्णयसमेत गरेको छ । नियम १३ को कार्यव्यवस्था परामर्श समितिमा अहिलेसम्म १७ जना सदस्य रहेको एक कार्यव्यवस्था परामर्श समिति गठन गर्न सकिने व्यवस्था छ ।

बैठकको निर्णयअनुसार नियम ११ मा सरकारी र गैरसरकारी कार्य गरिने दिन सभाको बैठक बसेको प्रत्येक हप्ताको एक दिन प्रश्नउत्तरपछिको समय गैरसरकारी कार्यसूचीले र अरु दिन सरकारी कार्यसूचीले प्राथमिकता पाउनेछ । छलफलबाट शुक्रबारको सट्टा एक दिन राख्ने निर्णय भएको हो । तर शुक्रबारको दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट तोकिने निर्णय भएको छ ।

नियम १२ को दैनिक कार्यसूचीअन्तर्गतको विशेष परिस्थितिमा सभामुखको निर्देशनअनुसार बस्ने बैठकको कार्यसूची दुई घण्टाअघि दिन संसदले प्रस्ताव राखेको थियो । तर सचिवालयले कार्यान्वयनमा गाह्रो हुने भन्दै विशेष परिस्थितिमा बैठक बस्ने एक घण्टा अगावै कार्यसूची उपलब्ध हुने निर्णय भएको हो । यस्तै कागजपत्रको वितरण गर्दा प्रविधिमैत्री बनाउँदै कागजविहीन विधि अपनाउन निर्णय भएको छ ।

# 'शहीदहरुको सपना पूरा भएन'



**रामकरन हरिजन/मध्यान्ह**
पश्चिम नवलपरासी, १६ माघ

जिल्ला समन्वय समितिको सभाहलमा दीप प्रज्वलन गरी शहीद परिवारलाई रामग्राम जेसीजले सम्मान गरेको छ ।

शहीद दिवसको अवसरमा परासीस्थित जिल्ला समन्वय समितिको सभा हलमा दीप प्रज्वलन गरी शहीद परिवारलाई सम्मान कार्यक्रममा विभिन्न संघसंस्थाका प्रतिनिधिहरुको पनि उपस्थिति रहेको थियो ।

आफ्नो हक अधिकार र देशमा परिवर्तन ल्याउनको लागि विभिन्न अन्दोलनमा शहीद भएको कारण सोमबार देशको विभिन्न स्थानमा शहीद परिवारलाई एक कार्यक्रमबीच सम्मान गरेको नवलपरासी नागी संघका अध्यक्ष वीरेन्द्र ठाकुरले बताए । 'समग्र जनताको लागि नेपाल सरकारसँग विभिन्न माग राख्दै अन्दोलमा उत्रिएका वीरहरु शहीद भएकै कारण आज हामी देशमा हामी बोल्ने पाएका छौं' नेपाल लेखापढी व्यवसायी संघका केन्द्रीय सदस्य अर्जुन श्रेष्ठीले स्वागत मन्तव्य राखेका थिए । शहीद दिवसको अवसरमा सरकारले कार्यक्रम गरी शहीद परिवारलाई सम्मान गर्नुपर्ने सम्मान रामग्राम जेसीजले गरेकोमा सराहनिय काम गरेको रामजी ज्ञवालीले बताए ।

शहीदप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै यस कार्यक्रमका आयोजक टिमलाई धन्यवाद दिँदै शहीदहरुको सपना पूरा भएन भन्दै शहीद परिवारका भागीरथी पाण्डेले आफ्ना दुख पोख्दै कार्यक्रमकाबीच शहीद परिवारका छोरा छोरीलाई सहुलियत दरमा नेपाल सरकारले पढाउनुपर्ने बताए ।

जेसी बेनी माधव बस्यालको अध्यक्षतामा प्रमुख अतिथि भगौती यादव (रुदल) अगामी दिनहरुमा शहीद दिवसको अवसरमा शहीद परिवारलाई सम्मान कार्यक्रम भव्य र सभ्य गर्ने प्रतिबद्धता जनाए ।

# शहीद परिवारलाई नगदसहित सम्मान

**प्रेम ओड/मध्यान्ह**
बैतडी, १६ माघ



जिल्लाको पुर्चौडी नगरपालिकाले शहीद परिवारलाई निर्वाह भत्ता उपलब्ध गराएको छ । शहीद दिवसको अवसरमा सोमबार एक कार्यक्रमकाबीच पुर्चौडी नगरपालिकाका ३१ परिवारका सदस्यहरुलाई निर्वाह भत्ता उपलब्ध गराएको हो ।

नगरपालिका भरिका प्रमाणीकरण सूचीमा रहेका शहीद परिवारलाई सम्मान स्वरुप वार्षिक एकमुष्ट २५ हजार रुपैयाँका दरले निर्वाह भत्ता उपलब्ध गराएकी नगर प्रमुख दीपकबहादुर बमले जानकारी दिए । नगरपालिकाभरि विभिन्न आन्दोलनका क्रममा ज्यान गुमाएका ३१ जना शहीद परिवारका सदस्यलाई २५ हजारका दरले निर्वाह भत्ता उपलब्ध गराएको उनले बताए ।

यसैगरी सशस्त्र युद्धका क्रममा घाइते भएकाहरुलाई बीमाको व्यवस्था गरी निःशुल्क उपचारको व्यवस्था गर्ने निर्णयसमेत गरिएको उनले बताए । नगरपालिकाले जनआन्दोलनका क्रममा शहीद भएका व्यक्तिका परिवारलाई सम्मान तथा आर्थिक सहयोग वितरण गर्ने भएको छ । जनआन्दोलनका क्रममा ज्यान गुमाएका ३१ परिवारलाई नगदसहित सम्मान गर्ने कार्यक्रम रहेको छ ।

# टिकटक समाज कतारद्वारा मृगौला पीडितलाई सहयोग



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, १६ माघ

नेपाली टिकटक समाज कतारले मृगौला रोगी पोखरा रामघाटका वीरेन्द्र नेपालीलाई आर्थिक सहयोग पठाएको छ । विगत २ वर्षदेखि मिर्गौलाको समस्याबाट ग्रसित २३ वर्षीय नेपालीको जीवन रक्षाका लागि टिक्टक समाजको अगुवाइमा संकलित ४८ हजार २ सय ७० रुपैयाँ नेपाल पठाइएको हो ।

पीडितको घरको आर्थिक अवस्था नाजुक रहेको र उपचारमा १० लाख भन्दा बढी रकम आवश्यक पर्ने जानकारी सहितको भिडियो समाजसेवी तथा अभियन्ता गिभिना बुढले आफ्नो टिक्टक एकाउन्टमार्फत् सार्वजनिक गरेकी थिइन् । गिभिनाले जारी गरेको भिडियोमा गण्डकी हस्पिटलमा डाइलासीस गराई रहेको र रकमको अभाव भएको स्वयम् नेपालीले बताएका छन् । एक छोरीका पितासमेत रहेका नेपालीले श्रीमतीले भाडा माझेर कमाएको पैसाले जीवन धानीरहेको बताएका थिए । नेपालीले भिडियोमार्फत् आफूहरूलाई सहयोगको अति खाँचो परेको जानकारी गराएको पाइएपछि समाजको समन्वयमा संकलित रकम सहयोग स्वरूप पठाइएको संस्थापक श्याम पाण्डेले बताए ।

टिक्टक समाज सामाजिक कार्यमा सक्रिय रहेको सामाजिक संस्था भएकाले जीवन रक्षाका लागि सहयोग गर्न पाउँदा खुशी लागेको समाजकी अध्यक्ष लक्ष्मी दर्लामीले मध्यान्ह दैनिकलाई बताइन् । उनले नेपालीको जीवन रक्षार्थ समाजसेवी गिभिनाले 'वीरेन्द्र नेपाली ज्यान जोगाउ' अभियानसमेत सञ्चालन गरी रहेको जानकारी दिइन् । उनले नेपालीको ज्यान जोगाउन स्वयम् गिभिनाको मुक्तिनाथ विकास बैंकमा रहेको खाता नम्बर ०७८२२३००७०४२४८००००१ मा सिधै रकम जम्मा गरेर सहयोग गर्न सकिने जानकारीसमेत गराएकी छिन् ।

# महान्यायाधिवक्ता कार्यालयको वार्षिक प्रतिवेदन पेश

**काठमाडौं/मस-** राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष महान्यायाधिवक्ता कार्यालयको २०७८/७९ को वार्षिक प्रतिवेदन पेश गरिएको छ । राष्ट्रपति कार्यालयस्थित शीतल निवासमा सोमबार आयोजित एक समारोहमा महान्यायाधिवक्ता डा. दिनमणि पोखरेलले प्रतिवेदन पेश गरेका हुन् ।



नेपालको संविधानअनुसार महान्यायाधिवक्ताले प्रत्येक वर्ष वार्षिक प्रतिवेदन बुझाउनुपर्ने संवैधानिक व्यवस्था छ । प्रतिवेदनमा महान्यायाधिवक्ता कार्यालयले वर्षभरिमा गरेका संवैधानिक एवं कानूनी विषयमा दिएको राय सल्लाहको विवरण, सरकारवादी भइचलेका मुद्दासम्बन्धी विवरण, सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दाको विवरण समावेश गरिएको छ ।

**साउदीमा रोजगार** — JADDARAH RECRUITMENT COMPANY, DAMMAM — पुनः विज्ञापन — LT No. 276885

| सि. नं. | कामदारको पद | माग संख्या | कामदारको न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब N. Rs. | ओभर टाईम सुविधा | प्रतिदिन कामको घण्टा | हप्तामा कामको दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Laboure | 100 पुरुष | काममा दक्ष | 1000 | 35281 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता: मेनपावर कार्यालय, काठमाडौंमा: २०७९ माघ २४ र २५ गते (7 & 8 Feb. 023) हुनेछ ।

इजाजत पत्र नं. ०५७/०६७/०६१

**सिद्धार्थ गौतम ओभरसिज सर्भिसेज प्रा. लि.**
महाराजगञ्ज, आकृति मार्ग, काठमाडौं, फोन नं.: ४०१६२४९, ४०१६२५०

**कुवेतमा रोजगारको अवसर |** कम्पनी: ABHAR CATERING CO. शहर: KUWAIT

पूर्व स्वीकृत मिति: २०७९/०८/१३ — चलानी नं.: ६०९९२५०१ — LT. No.:276800 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter/Waitress | 19 | 12 | [illegible] | 125 | ५३,०७५ | [illegible] | ८ | ६ | [illegible] | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २४ र २५ गते (7 & 8 Feb. 2023) मा हुनेछ ।

**लिङ्क स्टार मेनपावर सर्भिसेज प्रा. लि.**
पा.इ. नं. ११८७२, गोंगबु ५, सामाखुसी, काठमाडौं फोन: ४३५७०४७, ४३८१४८०
Mob.:9804931201, 9815186563, Email: linkstarmanpower@gmail.com, Web: www.linkstar.com.np
Contact No.: 01-4957047, 9816935532, 9851337276

# २ सय ५९ लाइसेन्स निलम्बनका लागि विभागमा




**काठमाडौं/मस-** उपत्यका ट्राफिक प्रहरी कार्यालयले पाँच पटकभन्दा बढी ट्राफिक नियम उल्लङ्घन गर्ने दुई सय ५९ जना सवारी चालकको सवारी चालक अनुमतिपत्र (लाइसेन्स) निलम्बनका लागि यातायात व्यवस्था विभागमा पठाएको छ । सवारी तथा यातायात व्यवस्था ऐन २०४९ र नियमावली २०५४ बमोजिम चालकले पालना गर्नुपर्ने सर्त तथा नियम पाँच पटकभन्दा बढी उल्लङ्घन गरेको पाइएकाले सोही ऐनको परिच्छेद ४ को दफा ६० बमोजिमको कसुरमा लाइसेन्स निलम्बनका लागि यातायात व्यवस्था विभाग पठाइएको कार्यालयका प्रवक्ता एवम् प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्रप्रसाद भट्टले जानकारी दिए ।

निलम्बनका लागि पठाइएका सवारी चालक अनुमतिपत्रमध्ये एक व्यक्ति बढीमा ३६ पटकसम्म र कम्तिमा छ पटकसम्म कारबाहीमा परेका थिए । यसरी पाँच पटकभन्दा बढी कारबाहीमा परेका सवारी चालक अनुमतिपत्र निलम्बनका लागि यातायात व्यवस्था विभाग मीनभवन पठाएको हो । ट्राफिक नियम उल्लङ्घन गरिरहने चालकबाट नै धेरै जसो सवारी दुर्घटना हुने गरेकाले सुरक्षित यात्राका लागि नियम पालना गर्न प्रवक्ता भट्टले सबैलाई अनुरोधसमेत गरेका छन् ।

**उज्वल कृषि फर्म प्रा.लि.को खारेजी (लिक्वीडेशन) सम्बन्धमा हकदावी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/०९/१६ मा दर्ता कायम भएका **उज्वल कृषि फर्म प्रा.लि. (प्रा.लि. नं. २५७७६२/०७७/०७८)** लाई खारेजी लिक्वीडेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०७९/१०/१६ गतेको विशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले लिनु पर्ने दिनु पर्ने भुक्तानी र अन्य दायित्व बाँकी भएमा सम्बन्धित प्रमाण सहित हक दाबी गर्न यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

लिक्वीडेटर: रोशन कुमार बज्रिमय, ठेगाना: त्रिपुरेश्वर, काठमाडौं — ईजाजत प्र.प.नं. २२१, मोबाइल नं. ९८४१३६९७७१

**Swamikartik Khaper Rural Muncipality**
**Office of the Rural Municipal Executive**
Suijiula Wai Bajura
Sudurpaschim province Nepal

**Letter of Intend**

Date of Publication: 2079/10/17

This is notify all the concerned bidders in accordance with clause 27& 47 of PPA, 2063 and the instruction to bidders that it is our intention to award the following contract as recommended by Evaluation Committee is here by selected as lowest evaluated substantially responsive bid.

| Contract identification No: | Name of project | Lowest evaluated Substantally responsive Bidder | Bid Price (Including PS & VAT) |
|---|---|---|---|
| SKKRM/NCB/WORK/04/2079/080 | Bhagawati primary School Building Construction | Reaption Construction and order suppliers | 6632626.25 |

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com
१७ माघ २०७९, सोमबार
31 January 2023, Tuesday

## सम्पादकीय

### नैतिकताको मूल्य

नयाँ राजनीतिक शक्तिका रूपमा राष्ट्रिय राजनीतिमा उदाएका रवि लामिछानेले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) घोषणा गरिरहँदा भनेका थिए, हामी राजनीतिको नाममा लाजनीति गर्दैनौं । टेलिभिजनको जागिर छोडेर गत ७ असारमा रास्वपा घोषणा गरिरहँदा आफ्नो पार्टीले देखाउने नैतिकता र गर्ने कामहरूको प्रतिबद्धता सूची नै प्रस्तुत गरेका थिए। हरेक प्रद्धिबता र संकल्पलाई हलबाट तालीले अनुमोदन गरेको थियो। त्यसैअनुसार, रास्वपाले आमचुनावबाट मत समेत पायो । प्रत्यक्षतर्फ सात सिट मात्रै जितेपनि समानुपातिकतर्फ नेकपा माओवादी केन्द्रकै हाराहारीमा मत पाएको थियो। अहिले माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारमा रास्वपा सहभागी छ। गत ११ पुसमा पार्टी सभापति एवम् संसदीय दलको नेताका हैसियतमा लामिछाने उपप्रधान एवम् गृहमन्त्री बनेका थिए ।

तर चुनाव अगाडि नै नागरिकताको वैधानिकतामाथि परेको मुद्दामा सर्वोच्च अदालतले लामिछानेको सांसद पद खारेज गरिदियो । लामिछाने सांसद नरहेपछि उपप्रधान एवम् गृहमन्त्री पदबाट मुक्त भए । अमेरिकी नागरिकता त्यागेपछि नेपाली नागरिकता लिन प्रक्रिया पूरा नगरेको ठहर भएकाले लामिछानेले पार्टी सदस्य र सभापति पद समेत गुमाए । तर तत्काल लामिछानेले नागरिकता लिए, त्यसैदिन पार्टी सदस्य र सभापति मनोनीत भए । अहिले फेरि गृहमन्त्री नियुक्त हुने दौडमा छन्। यदि रवि गृहमन्त्री नियुक्त भएमा अघिल्ला दुई सरकारले जस्तै गैरसांसदलाई मन्त्री नियुक्त गर्ने कार्यलाई यो सरकारले समेत निरन्तरता दिएको हुनेछ । जबकी संविधानले गैरसांसदलाई मन्त्री बन्न रोकेपनि ६ महिनासम्म सांसद बन्नुपर्ने सर्त राखेको छ । यसको अर्थ गैरसांसद मन्त्री नबनून् भन्ने नै हो ।

तर नागरिकताबारे दिइएको फैसलासँगै राहदानी विवादमा समेत फस्न पुगेका रवि लामिछानेले यो सरकारलाई समेत अप्ठ्यारोमा परेको छ । यो भनेको पार्टी घोषणा गरिरहदा उनी आफैंले भनेको 'लाजनीति'कै निरन्तरता हो । त्यो लाजनीतिको यात्रामा रवि अग्रसर हुनु भनेको जनमतप्रतिको बेइमानी पनि हो । किनकि रास्वपाले अप्रत्यासित मत पाउनुमा पुराना दलहरूमा देखिएको शक्तिको आशक्ति प्रमुख कारण थियो । जसरी पनि सत्तामा पुग्न पुराना दलहरूमा देखिएको प्रवृत्तिकै पुनरावृत्ति हुन जान्छ । रास्वपाले नैतिकताको मूल्य नबुझेको ठहर्छ, जुन भावी राजनीतिका निम्ति समेत सुखद् विषय होइन । यसले राजनीतिप्रति फेरि पनि नयाँ पुस्तामा वितृष्णा कायमै रहनेछ ।

# मुटुरोगको जोखिम : सहरभन्दा गाउँमा

*पहिले मुटु बाथरोगीको संख्या बढी थियो भने पछिल्लो समय हृदयाघातका रोगीको संख्या बढ्दै गएको छ । पहिले ५० वर्षभन्दा बढी उमेर समूहका व्यक्तिमा यो समस्या धेरै हुने गरेको पाइन्थ्यो भने अहिले २०/२५ वर्षकै व्यक्तिमा समस्या आउन थालेको छ ।*

अग्रलेख




● डा. चन्द्रमणि अधिकारी

विश्वव्यापीरूपमा नसर्ने रोगहरूमध्ये मुटुरोग एक प्रमुख स्वास्थ्य समस्याका रूपमा देखिएको छ । यसका मुख्य कारणमध्ये मानिसको जीवनशैली पनि एक हो । यसबाट करोडौं मानिस प्रभावित हुँदै आएका छन् र लाखौं मानिसले अकालमै जीवन गुमाइरहेका छन् । नेपालमा पछिल्ला वर्षमा जीवनशैलीको परिवर्तन सँगसँगै मुटुरोगसम्बन्धी समस्या पनि वृद्धि हुँदै गइरहेको तथ्याङ्कले पुष्टि गर्दछ । नेपालमा पनि मुटुका रोगीको सङ्ख्या दिन प्रतिदिन बढ्दै गइरहेको छ । पहिलेको र अहिलेको रोगको प्रवृत्ति भने फरक छ । पहिले मुटु बाथरोगीको सङ्ख्या बढी थियो भने पछिल्लो समय हृदयाघातका रोगीको सङ्ख्या बढ्दै गएको छ । पहिले ५० वर्षभन्दा बढी उमेर समूहका व्यक्तिमा यो समस्या धेरै हुने गरेको पाइन्थ्यो भने अहिले २०/२५ वर्षकै व्यक्तिमा समस्या आउन थालेको छ ।

गरिबी, अशिक्षा र निम्नस्तरको जीवनस्तरमा बाँचिरहेका मानिसमा बाथ मुटु रोगको समस्या बढी देखिन्थ्यो । यो गरिब देशका लागि ठूलो समस्याको रूपमा थियो । प्राय: धनी देशमा बाथ मुटु रोग उन्मुलन भइसकेको छ । मानिसको आर्थिकस्तरमा सुधार आएपछि यो समस्या कम भएको पाइन्छ । सहरी क्षेत्रमा कम हुँदै गएको छ । तर, व्यायाम, तयारी खानेकुरा, चिन्तायुक्त जीवनशैली, काममा बढी व्यस्तता, सुर्ती तथा मदिराको सेवनले हृदयाघातका मुटुरोगीको सङ्ख्या बढ्न थालेको छ । अन्य देशको तुलनामा नेपालमा हृदयरोग मृत्युको पहिलो कारण बनेको छ । गंगालालको तथ्याङ्क हेर्दा पनि यस्तै देखिन्छ ।

मुटु रोगको समस्या पहिले सहरमा बढी छ भनिन्थ्यो तर, अहिले गाउँमा पनि बढ्न थालेको छ । त्यसैले यसको उपचार सेवालाई गाउँ-गाउँसम्म विस्तार गर्न आवश्यक छ । सबैभन्दा पहिला मानिसलाई मुटु रोगको समस्या आउन नदिन जनचेतना अभिवृद्धि गर्नुपर्ने देखिन्छ । मुटुरोग लाग्न नदिन र प्रारम्भिक अवस्थामै उपचार कसरी गर्ने ? मानिसहरूलाई बुझाउन आवश्यक छ । गाउँका मानिसहरूलाई मुटुरोग लागेको थाहै नपाउने र अकालमै मृत्यु हुने अवस्था छ । यसलाई रोक्ने पर्छ ।

दक्षिण एसियामा भारतमा जस्तै नेपालमा पनि मुटुरोगको उपचार गर्न सकिन्छ । पछिल्लो समय नेपालमा पनि जनशक्तिको कमी छैन । अहिले पनि नेपालमा मुटुरोगको उपचार गर्न भारतबाट पनि बिरामी आउँछन् । खासगरी नेपालको सीमा नजिकका बिरामी यहाँ आउने गर्छन् । सस्तो र गुणस्तरीय सेवा भएको कारण पनि भारतीयहरु नेपाली अस्पतालमा आउने गरेका हुन् । यदि थप आधुनिक र गुणस्तरीय सेवा उपलब्ध गराउन सके विदेश जानुपर्ने बाध्यताबाट पनि सबै नेपालीलाई मुक्त गर्न सकिन्छ । अहिले मुटुरोगको उपचारका लागि कतिपय नेपाली विदेश गएको पनि अवस्था छ ।



#### राष्ट्रिय हृदय केन्द्रको भूमिका

शहीद गङ्गालाल राष्ट्रिय हृदय केन्द्रमा वि.स. २०७७ साउनमा अनुसन्धान एकाइ गठन गरिएको छ । यस एकाइमार्फत २०० वटा अनुसन्धानलाई अगाडि बढाइएको छ । अनुसन्धानबाट निस्केका निष्कर्षहरूलाई विश्वका विभिन्न जर्नलहरूमा प्रकाशित गरिएको छ । मुटुरोगको उपचार, रोकथाम तथा अध्ययन अनुसन्धानमा केन्द्रले उल्लेखनीय भूमिका खेल्दै आएको छ । सन् २०२२ मा अध्ययन अनुसन्धान क्षेत्रमा ३६ वटा अनुसन्धान प्रस्ताव स्वीकृत भएका छन् ।

केन्द्रको प्राय: ९० प्रतिशत शय्या भरिएको हुन्छ । क्षमता विस्तार नगरिएमा दुई/चार वर्षमा बिरामीले शय्या पाउन मुस्किल पर्नेछ । कम्तिमा अहिले दुई सय शय्याको बनाउन आवश्यक छ । दिन प्रतिदिन बढ्दै गइरहेको बिरामीको चापलाई मध्यनजर गर्दै क्षमता विस्तार गर्नुपर्ने आवश्यकता रहेको छ ।

*मुटु रोगको समस्या पहिले सहरमा बढी छ भनिन्थ्यो तर, अहिले गाउँमा पनि बढ्न थालेको छ । त्यसैले यसको उपचार सेवालाई गाउँ-गाउँसम्म विस्तार गर्न आवश्यक छ । सबैभन्दा पहिला मानिसलाई मुटु रोगको समस्या आउन नदिन जनचेतना अभिवृद्धि गर्नुपर्ने देखिन्छ । मुटुरोग लाग्न नदिन र प्रारम्भिक अवस्थामै उपचार कसरी गर्ने ? मानिसहरूलाई बुझाउन आवश्यक छ ।*

केन्द्रमा २००६ देखि मुटुको भल्भलाई शल्यक्रिया नगरी उपचार गर्ने विधिको सुरुवात गरिए पनि सन् २०१४ पछि मात्रै उल्लेख्य मात्रामा यस्तो शल्यक्रिया हुन सकेको थियो । विश्वमा छाती चिरेर नगर्ने शल्यक्रियालाई जोड दिन थालिएको छ । २००२ मा फ्रान्समा कृत्रिम भल्भबाट प्रत्यारोपण सुरु भएको थियो । भारतले २०१२ मा सुरु गरेको थियो । नेपालमा आठ वटा शल्यक्रिया गरिएकामा केन्द्रबाट मात्रै सातवटा शल्यक्रिया गरिएको छ । गत वर्ष २०७८ फागुन १८ गते नेपालमै पहिलो पटक बिना अपरेशन 'टाभी' विधि सुरु गरी हालसम्म सात जनामा सफलतापूर्वक मुटुको भल्भ प्रत्यारोपण गरिएको छ ।

मुटुरोगको निदान, उपचार, रोकथाम तथा अध्ययन अनुसन्धान सम्बन्धमा राष्ट्रिय हृदय केन्द्र सरकारको केन्द्रीय अस्पतालका रुपमा विस्तार गर्नु आवश्यक छ । मुटुरोगको उपचारमा नवीन प्रविधिसहित संस्थागत क्षमता विकासमार्फत एक उत्कृष्ट नमुना अस्पतालका रुपमा आफूलाई विकास र विस्तार गरी सेवा प्राप्त गर्ने नागरिकको संवैधानिक अधिकारको सुनिश्चिततातर्फ केन्द्रले काम गर्नुपर्नेछ । आगामी दिनमा केन्द्रलाई समयानुकूल थप चुस्तदुरुस्त बनाई मुटुरोगको उपचारमा संस्थागत क्षमता विकास गर्दै एक उत्कृष्ट नमुना अस्पतालका रुपमा विकास गर्नु आवश्यक छ । मुटुरोगको उपचारमा तुलनात्मकरूपले सस्तो र गुणस्तरीय सेवा प्रदान गरी देशकै एक भरोसायोग्य उपचार केन्द्रका रुपमा स्थापित गर्नेतर्फ सरकारको सहयोग जरुरत पर्दछ ।

#### सरकारको दायित्व

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त हुने र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन भनी मौलिक हकअन्तर्गत व्यवस्था गरेको छ । साथै, आफ्नो स्वास्थ्योपचारका सम्बन्धमा जानकारी पाउने तथा स्वास्थ्य सेवामा समान पहुँचको हक हुने हकको प्रत्याभूति गरेको सन्दर्भमा सबै नागरिकलाई आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता गर्नु राज्यको कर्तव्य हुन आउँछ । यसैअनुसार केही वर्षहरूदेखि नेपाल सरकारले पनि मुटुरोगको उपचारमा उत्तिकै महत्व दिँदै आइरहेको छ । वि.स. २०६३/६४ बाट सुरु भएको १५ वर्षमुनिका बालबालिकाको नि:शुल्क मुटु उपचार, आव २०६४/६५ देखि ५ वर्षभन्दा माथिका ज्येष्ठ नागरिकको नि:शुल्क उपचार, आव २०६६/६७ देखि विनाअप्रेशन मुटुको साँघुरिएको भल्भ खोल्ने प्रविधि, बाथ मुटुरोगीको नि:शुल्क शल्यक्रिया, गरिब बिरामी राहत सुविधालगायतका कार्यक्रम नियमितरुपमा सञ्चालन हुँदै आइरहेका छन् । यी कार्यक्रमका लागि नेपाल सरकारद्वारा गत आव २०७८/७९ मात्रै सामाजिक सेवा अनुदानअन्तर्गत रु ३७ करोड ६० लाख विनियोजन भएको र यसबाट गरिब असहाय बिरामीको उपचारमा निकै सहज भएको छ । आगामी दिनमा थप कार्यक्रममा राज्यले सहयोग विस्तार गर्‍यो भने धेरै नागरिकलाई यसबाट ठूलो टेवा पुग्नेछ । स्वास्थ्य शीर्षकमा सरकारको थप बजेट विनियोजन आवश्यक पर्ने देखिन्छ ।

*(शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रका कार्यकारी निर्देशक अधिकारीसँग गरिएको कुराकानीमा आधारित ।)*

## सामाजिक सञ्जाल



· मुमाराम खनाल

नागरिकता प्राप्त गरेको एकै दिनमा पार्टी सदस्य, केन्द्रीय सदस्य र पार्टी सभापतिमा पुनर्स्थापितको घोषणा ! केही दिन पर्खँदा के नै बिग्रिन्थ्यो होला र ? नयाँ होउन् वा पुराना, नेपालका राजनीतिक दलमा स्थापित व्यक्तिवाद राजतन्त्रभन्दा भद्दा छ ।



· फणिन्द्र नेपाल

शहीदहरूले कायम गरेको आदर्शलाई आफ्नो आदर्श मानी कुशासनविरूद्ध लड्न फेरि दुई/चार सपुतहरू अभिप्रेरित होलान् भन्ने डरले शासकहरूले सहिद दिवसमा सार्वजनिक बिदा नदिएका हुन्, नत्र खानपिउन त बिदा दिइन्छ भने 'मान्छे' भएर जिउन सिकाउने ती महापुरुषको यस्तो उपेक्षा हुने थिएन ।



· गगन थापा

नागरिकको सूचनाको हक नियन्त्रण गर्ने मनशायका साथ ८७ प्रकारका नीतिगत विषय गोप्य राख्ने गरी सरकारले गरेको निर्णय तत्काल कार्यान्वयन नगर्ने प्रधानमन्त्रीको कुरा सकारात्मक छ। निर्णय गर्ने क्रममा भएका यस्ता त्रुटिलाई स्वीकारी सरकारले कार्यान्वयनपूर्व नै सच्याएर फिर्ता लिनु नै उपयुक्त कदम हो ।



· भानुप्रसाद आचार्य

नेता भन्छन्, "जे भए पनि नआत्तिनुस्", जनता भन्छन्, 'धेरै नपातिनुस्' ! गम्भीर नेताको भनाइमा भर कसरी नगर्नु ? सोचेको परिणाम केही दिनमा नआए तल नभर्नु ! राजनीतिक अस्थिरताले अफ गँज्ने भो, सोचेर बनाएको दुरदर्शी संविधानले स्थीरता टाढा भाग्ने भो !



· किशोर नेपाल

गृहमन्त्रीको कार्यभारसमेत सम्हालेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड एमालेको चर्को दबाबमा छन् । एमाले अध्यक्ष केपी शर्मा ओली रवि लामिछानेको पक्षमा लागेका छन् भने कांग्रेस सभापति शेरबहादुर देउवाका पहरेदारहरू मध्यमार्गमा छन् । कान्छा कोइरालाले नवलपुरबाट गृह पाए कांग्रेस सरकारमा जाने बताईसकेका छन् ।

# देशलाई हेर्ने आँखा

*आज वर्षेनी मुलुकले पाँचदेखि १६ खर्बसम्मको आयात गरेको छ । तर, शिक्षित भनिएकै युवाहरु अवसर नपाएको नाममा विदेशीएका छन् । यसलाई हेर्दा, युवामा दृष्टि दोष देखिन्छ । किनकी अवसरलाई नै उनीहरूले देखिरहेका छैनन् । आयात भइरहेको तथ्यांक नै उनीहरूका लागि अवसर हो ।*

टिप्पणी



● हरि ढकाल

विश्वमा दुई जात भए जस्तै विश्व व्यापारमा पनि दुई जात छन् । जुन आयात र निर्यात यी दुईमा समान किसिमको सन्तुलन भयो भने विश्वको कुनै पनि देश गरिब हुँदैन । आयात र निर्यात ठीक सन्तुलन हुँदैन । त्यसमाथि पनि निर्यातको दुरी त आयातभन्दा अगाडि हुनपर्छ । भएन भने पनि दुरी निकै नजिक हुनुपर्छ अनि मात्र देशमा समृद्धि र विकास हुन्छ । नेपालमा निर्यात र आयातको दुरी निकै फराकिलो छ । निर्यात हिँडिरहेको छ भने आयात गाडीमा छ, जुन भेटाउन कल्पना पनि गर्न सकिँदैन । सरकारले विगत एक वर्षदेखि आयातमा केही ब्रेक लगाए पनि हिँडेको निर्यातले भेटाउन सकिरहेको छैन । निर्यात बिना बाटो हिँडेको जस्तो देखिन्छ भने आयात बाटोमा । त्यसैले नेपालको आयातले सन्तुलन गुमाउनु परेको छ ।

नेपालको गत वर्षको श्रावणदेखि कार्तिकसम्मको व्यापार हेर्ने हो भने आ.व. ०७८/७९ मा छ खर्ब ५० अर्ब २९ करोडको आयात भएको थियो भने निर्यात तर्फ ८२ अर्ब १२ करोड भएको थियो । यसैबाट थाहा हुन्छ कि नेपालको व्यापार घाटा कति छ । यो वर्षको श्रावणदेखि कार्तिकसम्म आई पुग्दा गत वर्षको तुलनामा ०७९/८० नेपालको आयात पाँच खर्ब ३२ अर्ब ६९ करोड छ भने निर्याततर्फ ५४ अर्ब ७७ करोड मात्र छ । नेपाल सरकार आयातमा ब्रेक लगाउँदा निर्यातमा पनि यसको असर पर्न गएको देखिन्छ ।




व्यापारको अवस्थालाई हेर्दा, नेपालीहरु अति बढी नै सुविधाभोगी भएको देखिन्छ । आफ्नो देशमा प्रचुर मात्रामा सम्भावना हुँदाहुँदै पनि उत्पादन गर्ने हैसियत नराख्ने बरू आयात गरी सामान बेच्ने प्रवृत्तिले गर्दा नेपालको व्यापार घाटा दिन प्रतिदिन चुलिँदै गएको पाइन्छ । नेपालमा आयात बढ्नुमा यी तिन कारणहरू मुख्य छन्-

**चेतना र इच्छा शक्तिको अभाव :**
जसले आफ्नो देश र समाजप्रति उत्तरदायी भएर काम गर्छ र कामको सन्तुलन बनाउँछ त्यसको लगाव र इच्छा शक्तिले गर्दा आयातमा कमी आउँछ । हामी धेरै जसो खेतबारीमा काम गर्न हिच्किचाउँछौं र विदेशबाट विभिन्न जातको फलफुल तरकारी आयात गर्छौ । जसले गर्दा व्यापार घाटा हुन्छ ।

**सरकारप्रति अनुत्तरदायी :**
सामान्यभन्दा सामान्य कुरा जुन व्यक्ति आफ्नेको पहुँचमा भए पनि सरकारको भर पर्नु र विपरीत सोच राख्नुपनि आयातको तुलनामा निर्यात कम हुनु हो । कुनै व्यक्तिले पशुपालन गर्न सुरू गर्छ तर, टिकाउ हुँदैन, त्यो केवल राज्यबाट अनुदान खानको लागि मात्र गर्दछ । जब अनुदान पाउँछ व्यवसाय छोड्छ, किन कि उसको विपरीत सोच हो । राज्यको अनुदानले घर जग्गामा लगानी गर्छ र आयात योग्य वस्तुको उपभोग गर्छ । यस्तो किसिमको सोच को पनि अहिलेसम्म औषधि छैन ।

**देशप्रतिको बुझाई कमजोर हुनु :**
नेपालको चाहे त्यो श्रमिक युवा होस् वा अरू कुनै व्यक्ति यो देशलाई हेर्ने सक्ने आँखा कमजोर हुनु नै आयात बढ्नु र निर्यात घट्नु हो । युवाहरुले न त यहाँ काम नै देख्छन्, न त भविष्य नै । यी दुई शब्द को अक्षर पाउँदैनन् र सरकारलाई गाली गर्दै विदेशीन्छन् । त्यो श्रम गर्ने देश होस् वा अरु देश नै किन नहोस् । आज वर्षेनी मुलुकले पाँचदेखि १६ खर्बसम्मको आयात गरेको छ । तर, शिक्षित भनिएकै युवाहरु अवसर नपाएको नाममा विदेशीएका छन् । यसलाई हेर्दा, युवामा दृष्टि दोष देखिन्छ । किनकी अवसरलाई नै उनीहरुले देखिरहेका छैनन् । आयात भइरहेको तथ्यांक नै उनीहरुका लागि अवसर हो ।

उल्लेखित कुराहरुको पालना गर्न सके पक्कै पनि नेपालको निर्यात बढ्दछ र व्यापारमा सन्तुलन आउँदछ । यस्तो परिस्थितिमा राज्यले आयातमा ब्रेक लगाई रहन पर्दैन ।

*(हस्तकला सौगातबाट)*

## तपाईंको राशिफल

- **मेष** : शिक्षासम्बन्धी कार्यमा रुकावट आउने देखिन्छ । अनावश्यक खर्च हुनेछ ।
- **वृष** : स्वास्थ्य लाभ हुन्छ । साथै, पराक्रममा वृद्धिको योग छ ।
- **मिथुन** : अनावश्यक जिम्मेवारी लिनु हुँदैन । व्यापारिक कार्यहरुमा राम्रो लाभ हुनेछ ।
- **कर्कट** : पेटसम्बन्धी समस्याको योग छ । आहारमा ध्यान दिनुहोला ।
- **सिंह** : आर्थिक कार्यमा अनुकूल प्रगति हुनेछ । सन्तान सुख प्राप्त हुनेछ ।
- **कन्या** : खर्चमाथि नियन्त्रण राख्नुहोला । धार्मिक कार्यमा सहभागिता बढ्नेछ ।
- **तुला** : जग्गा खरीद हुने योग छ । व्यापारिक प्रगति राम्रो हुन्छ ।
- **वृश्चिक** : वाहन सावधानी जरुरी छ । राजनीतिक कार्य सफल हुनेछ ।
- **धनु** : नयाँ काम बन्ने छ । बाहिरी सम्बन्ध राम्रो रहन्छ ।
- **मकर** : प्रयास सफल हुनेछ । धन आर्जन हुने योग छ ।
- **कुम्भ** : स्वास्थ्य गडबड हुने योग तथा चिन्तामा वृद्धि हुनेछ ।
- **मीन** : सुख सुविधामा वृद्धि हुनेछ । नयाँ सम्पर्क बन्ने छ योग छ ।



आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरु)
इन्टरनेशनल एस्ट्रोलोजिकल फोरम । सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४५९२५५२, इमेल : dhruvswamig@gmail.com

# आगलागी नियन्त्रणको अभ्यास



आरएन यादव/मध्यान्ह
राजविराज, १६ माघ

सप्तरीको राजविराजस्थित बालमन्दिरको खेल मैदानमा सोमबार आगलागी नियन्त्रणको अभ्यास गरिएको छ। जिल्ला विपद् व्यवस्थापन समितिको समन्वयमा सुरक्षा निकायले घरमा आगो लाग्दा नियन्त्रण गर्ने विधिको विषयमा सप्तरीमा अभ्यास गरेका हुन्।

राजविराजस्थित नेपाली सेनाको बरख गण, सशस्त्र प्रहरी बल ६ न. गण र जिल्ला प्रहरी कार्यालय सप्तरीका सुरक्षाकर्मीले आगलागी नियन्त्रणको अभ्यास गरेका थिए। ८ वटा खरको छाना भएको टहरामा लगाइएको आगो सुरक्षाकर्मी र दमकलको सहायताले निभाइएको थियो।

तराईमा भइरहेको आगलागीको घटनालाई न्यून गर्ने उद्देश्यले घरमा लागेको आगो निभाउने तरिकाको बारेमा नेपाली सेनाका सुरक्षाकर्मीहरुले नमूना अभ्यास गरेका थिए। सो अवसरमा आगो निभाउने विधिका बारेमा समेत जानकारी गराइएको थियो। आगलागीको सूचना प्रवाह गराउनेदेखि सावधानीपूर्वक आगो निभाउने, घाइतेको उद्धार र उपचार, घरभित्र भएका सामान निकाल्ने, क्षतिको मूल्यांकन गर्ने लगायतका प्रक्रियाको अभ्यास गरिएको थियो। आगो राजविराज नगरपालिकाको दमकल पुगेर आगलागी नियन्त्रणमा लिएको थियो।

सुरक्षा निकायलाई विपद् व्यवस्थापनका लागि तयारी अवस्थामा राख्नुका साथै समुदायस्तरमा सुरक्षितरुपमा आगलागी नियन्त्रण गर्ने ज्ञान, सीप र सन्देश प्रवाह गराउन नमुना अभ्यास गरिएको सप्तरीका प्रमुख जिल्ला अधिकारी भूपेन्द्र थापाले बताए।

आगलागीको सूचना प्राप्त हुने बित्तिकै नमूना अभ्यासका लागि सुरक्षा निकायका सवारी साधन साइरन बजाउँदै खुल्ला मञ्चतर्फ पुगेका थिए। नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीका सुरक्षाकर्मी बोकेका गाडीसँगै सर्वसाधारण समेत के भएछ ? भन्ने चासोका साथ घटनास्थलमा पुगेका थिए।

सप्तरी आगलागी र डढेलोका हिसाबले जोखिमयुक्त जिल्ला मानिन्छ। जिल्लामा यस वर्ष १७ वटा आगलागीका घटना भएका छन्। अभ्यास कार्यक्रममा सिरहाको चोहरवास्थित रहेको नम्बर २७ वाहिनी अड्डाका बाहिनीपति भरतचन्द्र गुरुङ, राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख, नेपाल रेडक्रस सोसाइटी, सुरक्षा निकायका प्रमुखहरु लगायत जिल्ला विपद् व्यवस्थापन समितिका विभिन्न सदस्यहरुको उपस्थिति रहेको थियो। बाहिनीपति गुरुङले स्थानीय स्तरमा रहेका युवा क्लबहरुले पनि यस्ता घटनाप्रति सचेत रहि अभ्यास गर्नुपर्नेमा जोड दिए। प्रमुख जिल्ला अधिकारी थापाले विपद्को समयमा आइपर्ने घटनालाई व्यवस्थापन गर्नको लागि कृत्रिम घटना अभ्याससले समन्वय र सहकार्यमा विपद् प्रतिकार्य गर्न सहज हुने विश्वास व्यक्त गरे। उनले नमुना अभ्यास कार्यक्रममा सहभागी सबै पक्षलाई धन्यवाद दिए।

## निःशुल्क स्वास्थ्य शिविरमा १ सय ९० जनाले लिए सेवा



**राजविराज/मस-** सप्तरीको बलान बिहुल गाउँपालिका वडा नम्बर ६ मा एक दिने निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ। उक्त शिविरमा १ सय ९० जनाले सेवा लिएको नेपाली सेनाले जनाएको छ। शिविरमा नाक, कान, घाँटी र आँखा सम्बन्धी बिरामीको चेकजाँच गरिएको नेपाली सेनाले जनाएको छ। बरख गणको आयोजना र गाउँपालिकाको समन्वयमा स्वास्थ्य शिविरको आयोजना गरिएको थियो।

शिविरमा गाउँपालिका भित्रका सेहरा रौतहट, रामनगर कोदरकट्टी, सन्नी, मौवहा लगायतका स्थानीयहरुले सेवा लिएको गाउँपालिकाका सह स्वास्थ्य संयोजक पवनकुमार यादवले बताए। शिविरमा नेपाली सेनाका मेडिकल विशेषज्ञ टोलिले स्वास्थ्य जाँच तथा परामर्श दिएको गणपति दुर्गाबहादुर थापाले जानकारी दिए।

शिविरमा गाउँपालिका अध्यक्ष खेमचन्द्र यादव, प्रमुख सेनानी दुर्गा बहादुर थापा, उपाध्यक्ष रेणु यादव, वडा अध्यक्ष सुर्य नारायण दास लगायतको उपस्थिति रहेको थियो।

## बनगाड कुपिण्डे नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

देवस्थल, सल्यान
कर्णाली प्रदेश, नेपाल

**साझेदारी कार्यक्रम संञ्चालन गर्न इच्छुक निजी क्षेत्र/गैरसरकारी संघ संस्थाको लागि आशयपत्र माग गरिएको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति : २०७९/१०/१७**

बनगाड कुपिण्डे नगरपालिकाले कृषि तथा पशुविकासको क्षेत्रमा निजी क्षेत्र/गैर सरकारी संघसस्थाको साझेदारीमा काम गर्ने उद्देश्यले **"साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि २०७९"** कार्यान्वयनमा ल्याएको छ। यसै कार्यविधिको अधिनमा रही आर्थिक वर्ष २०७९/८० देखि शुरु हुने गरी बहुवर्षिय कृषि र पशुमा आधारित सानाकिसान तथा युवा उद्यमशिलता विकास कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक योग्यता पुगेका इच्छुक निजी क्षेत्र/गैरसरकारी क्षेत्रका व्यक्ति/संस्थाहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन कार्यालय समय भित्र आशय पत्र पेश गर्न आह्वान गरिएको छ। आशय पत्रको विस्तृत विवरण यस नगरपालिकाको वेबसाइट www.bangadkupindemun.gov.np मा हेर्न तथा नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिन्छ। इच्छुक योग्यता पुगेका निजी क्षेत्र/गैर सरकारी संघसस्थाले तोकिएको ढाँचामा आशय पत्र निम्नानुसारको कागजात सहित पेश गर्नुपर्ने छ। म्याद नाघि आएका तथा रित नपुगेका आशय पत्र स्वीकार गरिने छैन। आशय पत्रदाताको योग्यता, अनुभव, क्षमता र साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिवद्धताको आधारमा आशय पत्रको मुल्याङ्कन गरिनेछ।

**आशयपत्रका साथ संलग्न हुनुपर्ने कागजातहरु**

१ आशयपत्र पेश सम्बन्धी निवेदन,
२ आशय पत्रको फारम,
३ संस्थाको दर्ता, नवीकरण, करचुक्ता, विगत तीन वर्षको लेखापरीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमति पत्र (अनुमतिपत्र लिनुपर्नेको हकमा),
४ स्थायी लेखा नम्बर,
५ साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिवद्धता पत्र,
६ संयुक्त उपक्रममा कार्यगर्ने संस्थाहरुको हकमा दुवै संस्था बीचको कार्य जिम्मेवारी खुल्ने सम्झौता पत्रको सक्कल १ प्रति,
७ प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपी १ प्रति,
८ संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्रको सक्कल १ प्रति,
९ व्यक्ति, फर्म, कम्पनी तथा संघसस्थाको विवरण (प्रोफाईल)
१० विगत पाँच वर्षमा काम गरेको समान प्रकृतिको काम र स्थानको विवरण। व्यक्तिगत आशयपत्रदाताको हकमा विगत चार वर्षमा सम्पन्न गरेको समान प्रकृतिको कामको विवरण
११ प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण

प्रमुख प्रशासकिय अधिकृत

**UAE मा रोजगारको अवसर** — SHJ Environment Co LLC. Beeah
पूर्व स्वीकृती मिति: २०७९/१०/१६ — LT No. 280343

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED. | ने.रु. |
|---|---|---|---|---|---|
| १. | Cleaner | 200 | 00 | 800 | २८,३७६।- |

अन्तरवार्ता २०७९ माघ २४ गते (7 Feb, 2023) यस प्रा. लि. कार्यालय सिनामंगल काठमाडौंमा हुनेछ।

अल जराफा ह्युमन रिसोर्स कन्सल्टेन्ट प्रा. लि.
सिनामंगल, (NIC Asia Bank सँगै), काठमाडौं, फोन: ०१-४५९८१६२, ४५९३८७८
मो. नं. ९८१३५३५३९७, ९८१८५१०५३३, ९८४०५८१७२३, ९८१८०६००५७

**मलेसियामा रोजगार** — कम्पनी: EDEN BUILDERS SDN BHD, शहर: Malaysia, Johor
पूर्व स्वीकृत मिति: २०७९/१०/१२ — LT.No.: 280165

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रु. |
|---|---|---|---|---|---|
| 1. | Construction Worker | 8 | 0 | 1500 | ४५,४९० |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २४ गते (7 February 2023) मा हुनेछ।

C.D. Human Resources Pvt. Ltd.
Kalimati Dol (Near Airport), Kathmandu, Tel.: 01-4486262 | Fax: 4486263,
Mob.: 9851010834, 9741826447 | Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np
Mobile :9851010834 | 9880715268

**कुवेतमा रोजगार** — कम्पनी: CARE FOR BUILDING AND CITIES CLEANING CONTRACTING CO. W.L.L., शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०७९/०८/१२ — LT. No.: 276677 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रु. |
|---|---|---|---|---|---|
| 1. | CLEANER (INDOOR) | 300 | 50 | 85 | ३६,२३८ |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २४ गते (7 February 2023) मा हुनेछ।

Chandra Kamana Manpower Pvt. Ltd.
Ratopul, Gaushala, Kathmandu, Nepal, Tel : 01-4442876, 4438339, 9813013135, 9813768590
Email: chandrakamna05@gmail.com, Web.: www.chandrakamanamanpower.com

**साउदीमा रोजगार** — कम्पनी: MODERN STEEL WORLD FACTORY, शहर: RIYADH
LT. No.:265313 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रु. |
|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 9 | 0 | 1000 | ३४,६७० |
| 2. | Pickup Truck Driver | 1 | 0 | 1800 | ६२,४०६ |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २४ गते (7 February 2023) मा हुनेछ।

NASSER INTERNATIONAL PLACEMENT SERVICES PVT. LTD.
साबिक (Continental Manpower (Nepal) Pvt. Ltd.)
Sinamangal-09 Shambu Marga Kathmandu. Tel:+977-4578566, 4578866
Email: continentalnepal190@gmail.com web: www.continentalmanpower.com.np

**साउदीमा रोजगारको अवसर** — १. कम्पनी: RATHATH WATER FACTORY, शहर: KSA — L.T. No.: 280299

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रु. |
|---|---|---|---|---|---|
| 1. | Loading & Uploading Labour | 8 | 0 | 1000 | ३८,६७० |

२. कम्पनी: BRANCH OF AHLA SAAR TRADING EST., शहर: JEDDAH — L.T. No.: 280319

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रु. |
|---|---|---|---|---|---|
| 1. | Office And Facility Cleaning Labor | 2 | 0 | 1300 | ४५,०७१ |
| 2. | Shelving Labour | 2 | 0 | 1300 | ४५,०७१ |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २४ गते (7 February 2023) मा हुनेछ।

Superb Solutions Pvt. Ltd.
Govt Lic. No. 264/056/057
Email: info@superbsolutions.com.np, Website: www.superbsolutions.com.np

**साउदीमा रोजगार** — कम्पनी: TOPLINE TRADING COMPANY IS A ONE PERSON COMPANY, शहर: Saudi Arabia — L.T. No.: 279982

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रु. |
|---|---|---|---|---|---|
| 1. | Mobile Vehicle Washing Labor | 2 | 0 | 1000 | ३८,६७० |

२. कम्पनी: Mahmoud ahmed al somali restaurant, शहर: Dammam — L.T. No.: 279981

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रु. |
|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 1 | 0 | 1000 | ३८,६७० |

३. कम्पनी: FALAK AL JAZEERA CONTRACTING CO., शहर: RIYADH — L.T. No.: 277979 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रु. |
|---|---|---|---|---|---|
| 1. | Pan Road Machinery Driver | 2 | 0 | 2500 | ८८,६७५ |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २४ गते (7 February 2023) मा हुनेछ।

एड्भेन्चर ह्युमन रिसोर्स प्रा. लि.
फोन नं: ०१-५३८२५५०

**साउदीमा रोजगारको अवसर** — कम्पनी: JAWA HUMAN RECOURSE, शहर: DAMMAM — L.T. No.:275644 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रु. |
|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 6 | 0 | 1000 | ३५,०८३ |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २४ गते (7 February 2023) मा हुनेछ।

Amity Global Employment Services Pvt. Ltd.
Ranibari Marg, Samakhusi 26, Kathmandu, Tel : 4970366, 4970466
Govt. Lic. No. 467/060/061, Email: recruitment@amityglobalgroup.com

**मलेसियामा रोजगार** — कम्पनी: ENGJAYA INDUSTRIES SDN. BHD., City: Malaysia, MELAKA — L.T. No.: 272950 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रु. |
|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 1 | 0 | 1500 | ४५,४९० |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७९ माघ २३ गते (6 February 2023) मा हुनेछ।

अरोरा ह्युमेन रिसोर्स प्रा. लि.
E-mail: aurorashrpl@gmail.com, Web.: www.auroranepal.com Mobile: 985-1139971, 9851008157

**UAE र साउदीमा रोजगार** — १. कम्पनी: SHJ ENVIRONMENT CO LLC- BEEAH, शहर: Dubai — L.T. No.: 268972 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रु. |
|---|---|---|---|---|---|
| 1. | CLEANER | 8 | 0 | 800 | २८,३४४ |

२. कम्पनी: GENERATION UNION COMPANY BRANCH, शहर: RIYADH — L.T. No.: 278868 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रु. |
|---|---|---|---|---|---|
| 1. | Whole Vehicle Driver | 3 | 0 | 1800 | ६२,४०६ |
| 2. | Fiber Bundling Agent | 3 | 0 | 2200 | ७६,२७४ |

मेनपावरको कार्यालय ललितपुरमा २०७९ माघ २४ गते (7 February 2023) मा हुनेछ।

साउण्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.
Jhapa: 023- 536663, 9826969623, 9808465610, 9817978774, 9814984440
CREATING VALUE THROUGH PEOPLE

**मलेसियामा रोजगारको अवसर** — १. कम्पनी: JOVEN ELECTRIC CO SDN BHD, शहर: SELENGOR — L.T. No.: 266523 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रु. |
|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 20 | 0 | 1500 | ४५,४९० |

२. कम्पनी: XU ZHI FOOD SDN BHD, शहर: JOHOR — L.T. No.: 265605 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रु. |
|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 80 | 0 | 1500 | ४५,४९० |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २४ गते (7 February 2023) मा हुनेछ।

बेबी एन्जल इन्टरनेशनल प्रा. लि.
Airport ( near prakash sanyash ashram) Kathmandu, Tel : 4461353, 446117
Email: babyangelintl@gmail.com, info@babyangelintl.com.np, Website: www.babyangelintl.com.np

**साउदीमा रोजगार** — कम्पनी: JADDARAH RECRUITMENT COMPANY, शहर: DAMMAM — L.T. No.: 255467 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रु. |
|---|---|---|---|---|---|
| 1. | General Labor | 35 | 0 | 1000 | ३४,६७० |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २४ गते (7 February 2023) मा हुनेछ।

S. P. M. OVERSEAS PVT. LTD.
Bhimsengola, Old Baneshwor-9 Kathmandu, Nepal, Tel: 4587837,4589795
Mob.: 9840998620/9810003423/9842151398
Email: spmoverseas@gmail.com, Web.: www.spmoverseas.com

मध्यान्ह
www.madhyanhadaily.com
१७ माघ २०७९, सोमबार
31 January 2023, Tuesday

# रौतहटका दुई मेयरलाई स्पष्टीकरण



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १५ माघ

नेकपा एमालेले मौलापुर नगरपालिका र देवाही गोनाही नगरपालिकाकी मेयर रिना देवी साहले पहिले सोधेको स्पष्टीकरणको जवाफ नदिएको भन्दै अर्को स्पष्टीकरण सोधेको छ । मेयर साहलाई माघ ५ गते दोस्रो पटक नेकपा एमाले मधेश प्रदेशका अध्यक्ष राम औतार यादवले स्पष्टीकरण सोधेका हुन् ।

'नेकपा (एमाले) को सूर्यछाप लिएर रौतहट जिल्ला मौलापुर नगरपालिकामा मेयर (प्रमुख) पदमा विजयी भइ कार्य गर्दै आइरहनु भएकी तपाई रिना देवी साह पटक पटक नेकपा (एमाले) को विरुद्धमा लागि विधानको धारा ८० को १, २ र ६ आकर्षित हुने गम्भीर घटना गर्दै आउनु भएपछि पहिलो स्पष्टीकरण सोध्ने काम भएको थियो । तर तपाईले त्यसको जवाफ नदिई गैर जिम्मेवार बन्नु भएकोले यो अन्तिम स्पष्टीकरण सोध्ने काम भएको छ र पत्र पाएको २४ घण्टाभित्र तपाईले आफ्नो भनाई लेखी प्रदेश कार्यालय जनकपुरमा पठाउनु होला अन्यथा तपाईलाई पार्टीबाट निष्काशनसम्मको कारबाही हुनेछ' स्पष्टीकरणमा भनिएको छ ।

त्यस्तै देवाही गोनाही नगरपालिकाको नगर प्रमुख फेमलाल साहलाई पनि नेकपा (एमाले) मधेश प्रदेश कमिटीले दोस्रो पटक स्पष्टिकरण सोधेको छ । २४ घण्टाभित्र चित्तबुझ्दो स्पष्टिकरण नदिए कारवाही गर्ने कमिटीले चेतावनी दिएको छ भने पत्र नगरप्रमुख साहले बुझन नमानेपछि नगरपालिकाको सूचना पाटीमा टाँस गरिएका छन् ।

# लागुऔषधसहित ९ जना पक्राउ

**सिरहा/मस**– लागुऔषध ब्राउन सुगरसहित ९ जनालाई पक्राउ परेका छन् । ईलाका प्रहरी कार्यालय भर्भरपट्टीको टोलीले ब्राउन सुगरजस्तो देखिने पदार्थ २८ ग्रामसहित उनीहरुलाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा लहान नगरपालिका १२ का ५१ वर्षीय मदनकुमार चौधरी, २३ वर्षीय नरसिंह चौधरी, २२ वर्षीय अमितकुमार यादव, २५ वर्षीय देवरामकुमार यादव, ओमप्रकाश यादव रहेका छन् ।

यस्तै, लहान नगरपालिका ५ का २७ वर्षीय इरफान हुसेन, लहान नगरपालिका १ का १९ वर्षीय कृष्णा पासमान, सप्तरी शम्भुनाथ नगरपालिका १२ अर्नाहका २३ वर्षीय रमेश पासमान र सप्तरीकै शम्भुनाथ नगरपालिकाका २२ वर्षीय सुरेशकुमार पासमान रहेका प्रहरीले जनाएको छ ।

उनीहरुलाई प्रहरीले नवराजपुर गाउँपालिका २ मझौराबाट पक्राउ गरेको हो । प्रहरीकाअनुसार उनीहरुको साथबाट लागुऔषध तौल गर्ने डिजिटल मेसिन १ थान, मोबाइल ८ थान, मोटरसाइकल ४ थान र नगद ४ हजार ८ सय ८५ रुपैयाँ बरामद भएको छ । थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।


## कर्मचारी हटाईएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **INNOVATIVE HUMAN RESOURCE DEVELOPMENT PVT. LTD.** श्रम इजाजत पत्र नं. ८१५/०६६/०६७ मा कार्यरत कर्मचारीलाई यस कार्यालयबाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निज व्यक्तिसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरि गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि.मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | नाम | पद | ठेगाना | नागरिकता नं. |
|---|---|---|---|---|
| १ | Bijata Thapa Barali | Kitchen Helper | Kavrepalanchowk | 30-01-76-05872 |

INNOVATIVE HUMAN RESOURCE DEVELOPMENT PVT. LTD.
Kupondole, Lalitpur, Tel.: 01-5180193, 01 5430829, 9851065591 9851243720 | Fax: 01-5530829, Email: innovative815@gmail.com

## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस Oriental Overseas (P) Ltd श्रम इजाजत पत्र नं. ४१३/०६९/०७० मा कार्यरत कर्मचारीहरुलाई यस कार्यालयबाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरि गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | नाम | पद | ठेगाना | नागरिकता नं. |
|---|---|---|---|---|
| १ | सरोज कुमार गौतम | एच आर मेनेजर | [illegible] | [illegible] |
| २ | [illegible] | कार्यालय सहायक | [illegible] | [illegible] |

Oriental Overseas Pvt. Ltd.
Dhapasi Road, Tridha 5, Basundhara, Kathmandu, Nepal. Tel.:4986170/4955563
Email: oriental pl325@gmail.com

## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **गोर्खा ह्युमन रिसोर्स सोलुसन प्रा.लि.** श्रम इजाजत पत्र नं. ७७९/०६५/०६६ मा कार्यरत कर्मचारीहरुलाई यस कार्यालयबाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरि गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | नाम | पद | स्थायी ठेगाना |
|---|---|---|---|
| १ | कमला मगर | डकुमेन्टेसन | [illegible] गा.पा.-६, रामेछाप |
| २ | [illegible] पुलामी | पि आर ओ | भुतर-५, उदयपुर |
| ३ | [illegible] कुमार [illegible] | पि आर ओ | [illegible]-६, धनुषा |
| ४ | [illegible] सिंह [illegible] | कार्यालय सहयोगी | रामेछाप न.पा.-९, रामेछाप |
| ५ | प्रेम बहादुर मगर | पि आर ओ | [illegible]-२, उदयपुर |
| ६ | [illegible] थापा मगर | रिसेप्सनिस्ट | [illegible] गा.पा. ३, [illegible] |

गोर्खा ह्युमन रिसोर्स सोलुसन प्रा. लि.
Pulchowk, Lalitpur | Tel: 5409108, 5490061 | Email:-gorkhahrs779@gmail.com

## कतारमा रोजगार | कम्पनी ALSHAAZ ELECTRICAL TRADING CONTRACTING — शहर Doha
LT.No.: 251905 — पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | मासिक तलब QR | ने.रु. |
|---|---|---|---|---|---|
| 1. | Labourer | 1 | 0 | 1000 | ३५,५३० |

२. कम्पनी DIGITAL ENERGY ENGINEERING SERVICES WLL — शहर Doha — LT.No.: 274421

| सि.नं. | कामदारको पद | पुरुष | महिला | मासिक तलब QR | ने.रु. |
|---|---|---|---|---|---|
| 1. | Cabling Tech | 38 | 0 | 1200 | ४२,६३६ |
| 2. | Driver | 7 | 0 | 1400 | ४९,७४२ |
| 3. | LABOUR | 2 | 0 | 1000 | ३५,५३० |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २४ गते (7 February 2023) मा हुनेछ ।

Link International Placement Service Pvt.ltd.
Tokha-5, Basundhara, Kathmandu, Tel.: 01-4956654, 4955978, 9849664971
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

## PSBD SECURITY GUARD हरुलाई UAE मा रोजगारको अवसर
कम्पनी : HAWK SECURITY SERVICES LLC. — शहर UAE — LT. No.: 258407

| सि.नं. | कामदारको पद | पुरुष | महिला | मासिक तलब AED | ने.रु. |
|---|---|---|---|---|---|
| 1. | Security Gauards (PSBD) | 29 | 0 | 2000 | ७०,८६० |
| 2. | Security Guard - SIRA | 9 | 0 | 1920 | ६८,०२६ |

नोट: PSBD को हकमा Basic Salary 2000 भएता पनि Total Salary AED 2770 हुनेछ । Final Interview मा आउँदा सक्कल राहदानी र शैक्षिक Experience Certificate साथमा ल्याउनुपर्नेछ । उचाई ५ फिट ६ ईन्च भन्दा माथि, उमेर २० वर्ष पुरा भई ४० वर्ष ननाघेको र योग्यता SLC पास हुनुपर्नेछ ।

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २४ गते (7 February 2023) मा हुनेछ ।

Empower Human Resources Management Pvt. Ltd
Sinamangal -9, Near by Panchakumari Temple, Kathmandu, Nepal, Tel.: 01-4588265, 01-4599445 | Email: empowerhmnepal@gmail.com
Mobile No. 9828922999, 9801402996, 9851190570, 9849660515, 9801625801, 9860700057, 9819063243, 9817079788

## KUWAIT मा वैदेशिक रोजगारको अवसर
कम्पनी : AHMED AL-HLEBI GEENRAL TRADING & CONTRACTING CO — शहर : Kuwait — L.T. No.: 270318

| सि.नं. | कामदारको पद | पुरुष | महिला | मासिक तलब KD | ने.रु. |
|---|---|---|---|---|---|
| 1. | Drivers | 1 | 0 | 160 | ६८,२२२ |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २४ गते (7 February 2023) मा हुनेछ ।

Destiny Human Resource Nepal Pvt. Ltd.
G.P.O. Box: 8975, Kathmandu, Nepal
Tel.: 01-5104632/01-5104634, Email:destinykuwait3@gmail.com
Mob: 9847932530, 9851147445, 9806239807, 9869556151, 9840973280 9843196615.

## बहराइनमा रोजगार | कम्पनी CIRCLE INTEGRATED SERVICES — शहर: Bahrain, MANAMA
LT. No.: 253716

| सि.नं. | कामदारको पद | पुरुष | महिला | मासिक तलब BD | ने.रु. |
|---|---|---|---|---|---|
| 1. | Cleaner | 27 | 10 | 100 | ३४,५१९ |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २४ गते (7 February 2023) मा हुनेछ ।

फ्यूचर स्टार म्यानपावर (प्रा.) लि.
सामाखुसी, टाउनप्लानिङ्ग, काठमाडौं फोन: ०१-४४६०५७६, ४४५०७१८

## यूएईमा रोजगार | १.कम्पनी CAREER LINE FOR EMPLOYMENT-SOLE PROPRIETORSHIP L.L.C. — शहर ABU DHABI
पूर्व स्वीकृत मिति: २०७९/१०/१६ — चलानी नं.: ६०१९५८२८ — LT. No.: 280293

| सि.नं. | कामदारको पद | पुरुष | महिला | मासिक तलब AED | ने.रु. |
|---|---|---|---|---|---|
| 1. | Brick Layer Assistant | 200 | 0 | 1200 | ४२,५१६ |
| 2. | Building Labourer | 150 | 0 | 900 | ३१,८८७ |
| 3. | Construction Carpenter | 100 | 0 | 1000 | ३५,४३० |
| 4. | Steel Fixer | 50 | 0 | 1000 | ३५,४३० |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २४ गते (7 February 2023) मा हुनेछ ।

आयुष इन्टरनेशनल ओभरसिज सर्भिसेज प्रा. लि.
Email: -info@ayushintl.com

## कतार र साउदीमा वैदेशिक रोजगारको अवसर
कम्पनी : CAPITAL FACTORIES FOR BUILDING MATERIALS — शहर : Qatar
पूर्व स्वीकृत मिति:२०७९/१०/१६ — चलानी नं.: ६०१९५८०३ — L.T. No.: 280312

| सि.नं. | कामदारको पद | पुरुष | महिला | मासिक तलब QR | ने.रु. |
|---|---|---|---|---|---|
| 1. | Labour | 4 | 0 | 1000 | ३५,५३० |

कम्पनी : SUPER STAR CENTER FOR CAR MAINTENANCE CO. — शहर : RIYADH
पूर्व स्वीकृत मिति: २०७९/१०/१६ — चलानी नं.: ६०१९५८०४ — L.T. No.: 280311

| सि.नं. | कामदारको पद | पुरुष | महिला | मासिक तलब SR | ने.रु. |
|---|---|---|---|---|---|
| 1. | Auto Electrician | 2 | 0 | 1800 | ६२,३८८ |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २४ गते (7 February 2023) मा हुनेछ ।

सिद्धार्थ बुद्ध ओभरसिज प्रा. लि.
पो. ब.नं. १४१५०, महाराजगञ्ज (इन्देणी फुडल्याण्ड पछाडी), काठमाडौं, नेपाल

## साउदीमा रोजगार | कम्पनी NAS MANPOWER COMPANY — शहर SAUDI
LT. No.: 247388 — पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | मासिक तलब SR | ने.रु. |
|---|---|---|---|---|---|
| 1. | Labour | 100 | 0 | 1000 | ३४,६७० |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २४ गते (7 February 2023) मा हुनेछ ।

NEW ALFA H.R. SERVICES PVT. LTD.
Maharajgunj-3, Kathmandu | Tel: 9820060388, 9851316302, 01-4721183, 01-4721184
E-mail: newalfahrs@gmail.com | Web.: www.newalfahrs.com

## मलेसियामा रोजगार | कम्पनी : BABA PRODUCT (M) SDN BHD — शहर : Malaysia, Selayang
L.T. No.: 274763 — पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | मासिक तलब RM | ने.रु. |
|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 120 | 0 | 1500 | ४५,५५० |

## कतारमा रोजगारको अवसर | १ कम्पनी : MADINA GROUP WLL — शहर : DOHA
L.T. No.: 250053 — पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | मासिक तलब QR | ने.रु. |
|---|---|---|---|---|---|
| 1. | TECHNICIAN GEN | 40 | 0 | 1100 | ३९,०८३ |

२. कम्पनी MADINA GROUP W.L.L. — शहर : DOHA — L.T. No.: 245816

| सि.नं. | कामदारको पद | पुरुष | महिला | मासिक तलब QR | ने.रु. |
|---|---|---|---|---|---|
| 1. | Driver | 1 | 0 | 1400 | ४९,७४२ |
| 2. | Labourer | 14 | 0 | 1000 | ३५,५३० |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २४ गते (7 February 2023) मा हुनेछ ।

मदरल्याण्ड ओभरसिज प्रा. लि.
Fax: 436474
Email : cv@motherlandoverseas.com

## KUWAIT मा रोजगार | कम्पनी ROMA GLOBAL CONSUMER ORDER DELIVERY KUWAIT — शहर KUWAIT
L.T. No.: 271613 — पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | मासिक तलब KD | ने.रु. |
|---|---|---|---|---|---|
| 1. | Light Car Driver | 25 | 0 | 135 | ५७,५६२ |
| 2. | Bike Riders | 20 | 0 | 135 | ५७,५६२ |
| 3. | Labour Reporter | 40 | 0 | 95 | ४०,५०७ |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २४ गते (7 February 202) मा हुनेछ ।

OMAMA MANPOWER PVT. LTD.
Sinamangal-9, Ekatatole, Hyundai Showroom Opposite, Kathmandu, Tel 4561383
Mob.: 9805945922, 9805945923, 9805956422
E-mail: omamamanpower1422@gmail.com, URL : www.omamamanpower.com
Itahari Contact: 9807363024,9852058874,9819311718, 9805356540
Pokhara Contact No: 9856035560, 9824114907

## UAE मा रोजगार | कम्पनी MEMC Middle East Maintenance & Cleaning L.L.C. — शहर UAE, Dubai
LT. No.: 280290

| सि.नं. | कामदारको पद | पुरुष | महिला | मासिक तलब AED | ने.रु. |
|---|---|---|---|---|---|
| 1. | Security Guard | 10 | 5 | 1200 | ४२,५१६ |
| 2. | Cleaner | 60 | 30 | 800 | २८,३४४ |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २४ गते (7 February 2023) मा हुनेछ ।

Perfect Recruiting Service Pvt. Ltd.
P O Box No: 3031, Prayas Nagar, Tokha-7, Kathmandu, Nepal
Tel : 014950764, 014987640, Fax : 4360220, Email: info.perfectrecruiting@gmail.com

## कतारमा रोजगार | कम्पनी CEASELESS TRADING AND CONTRACTING — शहर DOHA
LT. No. 279592 — पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | मासिक तलब QR | ने.रु. |
|---|---|---|---|---|---|
| 1. | Manager | 1 | 0 | 5700 | २०२,५२१ |
| 2. | Accountant | 1 | 0 | 3600 | १२७,९०८ |
| 3. | Driver | 1 | 0 | 1400 | ४९,७४२ |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २४ गते (7 February 2023) मा हुनेछ ।

Pokhara Recruitment (P.) Ltd.
Sitapaila, Kathmandu, Nepal
Tel: +977- 1- 4038186, 4038483, Mobile: 9851152243
Email: pokhararecruitment@gmail.com, info@pokhararecruitment.com, Web: www.pokhararecruitment.com.np

## साउदीमा रोजगार | कम्पनी AL HAMARIS GENERAL CON. EST. — शहर Riyadh
LT. No.: 280307

| सि.नं. | कामदारको पद | पुरुष | महिला | मासिक तलब SR | ने.रु. |
|---|---|---|---|---|---|
| 1. | Car Driver Public | 1 | 0 | 1800 | ६२,४०६ |
| 2. | Truck Driver | 1 | 0 | 1800 | ६२,४०६ |
| 3. | Worker | 2 | 0 | 1000 | ३४,६७० |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २४ गते (7 February 2023) मा हुनेछ ।

R.B. RECRUITMENT SERVICES PVT. LTD.
Chabahil-7, (Opposite of KL Tower), Kathmandu, Phone : +977-01-4595967/ 014568206/ 01-4584094
Mobile : 9801095968 E-mail: documentsrbrs@gmail.com, Web.: www.rbrs.com.np

## कतारमा रोजगार | कम्पनी VIOLET TRADE AND FACILITY MANAGEMENT — शहर DOHA
L.T. No.: 277400 — पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | मासिक तलब QR | ने.रु. |
|---|---|---|---|---|---|
| 1. | Pipe Fitter | 5 | 0 | 1200 | ४२,५१६ |
| 2. | Administrative Assistant | 3 | 0 | 2500 | ८८,५७५ |
| 3. | General Technician | 12 | 0 | 1400 | ४९,६०२ |
| 4. | Welder | 1 | 0 | 1200 | ४२,५१६ |
| 5. | Labour | 55 | 0 | 1000 | ३५,४३० |

अन्तर्वार्ता INTERSCAFF TRAINING CENTRE काठमाडौंमा २०७९ माघ २४ गते (7 February 2023) मा हुनेछ ।
अन्तर्वार्ता PIT TRAINIG CENTRE धनुषा जनकपुरमा २०७९ माघ २५ गते (8 February 2023) मा हुनेछ ।

Mobhira Recruitment Consultancy services (P.) Ltd.
Email: manager@mobhiraservices.com, Web: www.mobhiraservices.com

# समाज बदल्ने अठोटमा लक्ष्मी



नरेन्द्र आर/मध्यान्ह
अछाम, १६ माघ

नेपाली समाजमा राजनीतिक क्षेत्रमा स्थापित बन्न पाको हुनुपर्छ, उमेर धेरै हुनुपर्छ भन्ने छ । हरेक राजनीतिक दलको नेतृत्वमा हेर्ने हो ६०/६५ वर्ष कटेका राजनीतिज्ञहरुको बर्चस्व छ । देश निर्माणको जिम्मा युवाको काँधमा छ भन्ने गरिएपनि नेतृत्वमा भने युवाहरूलाई अवसर मोका दिइएको पाइँदैन । तर अछाम जिल्ला मंगलसेन नगरपालिकाकी लक्ष्मी बोगटीले समाजमा स्थापित मान्यतालाई चिर्दै अगाडि बढिरहेकी छिन् ।

हालसालै सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभाको निर्वाचनमा समानुपातिक उम्मेदवारका रूपमा मात्रै नभएर केही समय अगाडि सम्पन्न स्थानीय तहको निर्वाचनमा मंगलसेन नगरपालिकाको उपप्रमुखमा उनको चर्चा थियो । यसबाट पनि प्रष्ट हुन्छ उनको राजनीतिक सफलता । छोटो समयमा लक्ष्मीले हासिल गरेको सफलता लोभ लाग्दो छ । राजनीतिकलाई दुरुपयोग गर्ने जमातमा लक्ष्मी भने फरक विचार बोकेर अगाडि बढेकी छिन् । राजनीति समाजका लागि निस्वार्थ रुपमा गरिने त्याग हो भनेर उनले राम्रोसंग बुझेकी छिन् ।

सुदूरपश्चिमको दुर्गम जिल्ला अछाममा २०५५ सालमा जन्मिएकी लक्ष्मीले समाजमा जरा गाडेका छाउपडी, कुप्रथा, जातीय भेदभाव, लैंगिक विभेद लगायत सामाजिक समस्याहरूलाई नजिकबाट नियाल्ने मौका पाइन् । ति समस्या समाधानका लागि उनी निरन्तर सक्रिय छिन् । सानैबाट समाजमा रहेका विकृतिका विरुद्धमा लड्ने अठोट उनीभित्र पलाउँदै गयो । विद्यालयस्तरमा हुने साँस्कृतिक, वक्तृत्वकला लगायतका कार्यक्रममा लक्ष्मी कहिल्यै दोस्रो भइनन् । जसले गर्दा उनको नेतृत्व विकासमा भन्-भन् टेवा पुग्दै गयो । विद्रोही स्वभाव भएकी लक्ष्मीले अन्याय र आफूलाई चित्त नबुझेका कुरामा बोल्न कहिल्यै छोड्दिनन् । अशिक्षा, गरिबी, भेदभावले दबिएको समाजमा परिवर्तन र एउटा सम्भावनाको दियो बनेर चम्किएकी छिन् उनी । लक्ष्मीबाट गाउँ समाजले पनि निकै आशा राखेको छ । यसै पनि लक्ष्मी गाउँ समाजलाई जागृत गर्ने अभियानमै छिन् ।

सामाजिक क्षेत्रमा थुप्रै कामहरू गरिसकेकी लक्ष्मीलाई अरूको लागि गरेको काममा सबैभन्दा धेरै खुसी र सन्तुष्टि मिल्छ । उनले केहि समय अगाडि मंगलसेन नगरपालिका ८ बस्ने सहाराविहिन वृद्धी आमा मन्दरी विकको घर निर्माणको काम गरेर नगरपालिकामार्फत हस्तान्तरण समेत गरेकी थिइन् उनले । राजनीतिक जीवनलाई पूर्ण रूपमा जनताको सेवक भएर बिताउने उनको मनसाय छ । समाजमा जरा गाडेर बसेका छाउपडि कुप्रथा, जातीय भेदभाव, लैगिक असमानता लगायतका समस्याहरूका विरुद्धमा खरो रूपमा उत्रिने लक्ष्मी समुन्नत समाजको परिकल्पना गर्छिन् । उनले प्रत्यक्ष रूपमा अछामका विभिन्न समस्याहरूलाई सूक्ष्म रुपमा अध्ययन गरेकी छिन् । समाज परिवर्तनको हुटहुटी बोकेर अगाडि बढिरहेकी छिन् लक्ष्मी ।

पुरुषप्रधान समाजको पगरी भिराइएको नेपाली समाजमा अहिले पनि लैगिक असमानता र विभेदहरू कायमै छन् । ती तमाम असमानताहरूको विरुद्धमा उठेका नारी आवाजहरू सिमित छन् । तिनै सिमिततालाई पूर्ति गर्ने भावी योजना लक्ष्मीले कोरेकी छिन् । सुदूरपश्चिम र कर्णालीका धेरै ठाउँहरूमा छाउपडी कुप्रथाले गर्दा धेरै चेलीहरूले अनेकौ चुनौतीहरूको सामना गरिरहनु परेको छ । त्यो सामाजिक कुप्रथाबाट तमाम नारीहरूलाई बचाउने अभियानमा लामो समयदेखि लक्ष्मी समर्पित छिन् । अछाम जिल्लाका विभिन्न ठाउँमा पुगेर जनचेतनामूलक गतिविधिमा समेत लक्ष्मी सहभागी भइरहन्छिन् । खासगरी युवा पुस्तामाभ्क छुट्टै छवि बनाउन सफल उनलाई भावी नेतृका रूपमा पार्टीका विभिन्न पंक्तिहरूमा पनि चर्चा गरिन्छ । बिपी कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई लगायतका नेताहरूलाई आदर्श मान्ने लक्ष्मी उनीहरूको राजनीतिक जीवनबाट निकै प्रभावित छिन् । त्याग र निष्ठाको राजनीतिले मात्रै समाज परिवर्तन सम्भव हुनसक्ने कुरामा उनी दृढ छिन् ।

अछामको श्री ओढचादेवी उमावि, मंगलसेनबाट २०७१ मा एसएलसी उत्तिर्ण गरेकी लक्ष्मीले आइएस्सी एग्ज अछामको बिनायक विद्या मन्दिरबाट गरिन् । हाल टिकापुर टेक्निकल कलेजबाट बिएस्सी एजी तहमा अध्ययनरत छिन् । नेपालमा अभैपनि खास कृषकको पहिचान हुन सकेको छैन । कृषकहरूलाई बिचौलियाहरुले अप्ठ्यारोमा पारेका छन् । फाइदा जति बिचौलियाले लिन्छन् । कृषक मारमा परिरहेका छन् । अनुदानको कुरा गर्ने हो भने माटोमा जसले हात हालेका छैनन्, उनीहरुले पाइरहेका छन् । राजनीतिक दलका कार्यकर्ताले सजिले अनुदान पाउँछन् । उनीहरुको फर्मले रकम पाइरहेका छन् । यस्ता कुरामा लक्ष्मी कडा असहमत राख्छिन् ।

## लक्ष्मीको भावी योजना

**आर्थिक प्रस्ताव खोल्ने मिति, समय र स्थान:**

**मिति** : २०७९/१०/२५ (February 08, 2023)
**समय** : दिनको ११:०० बजे
**स्थान** : पूर्वाधार विकास कार्यालय, भोजपुर

कार्यालय प्रमुख



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
डडेल्धुरा अस्पताल, डडेल्धुरा

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७९/१०/१७)

यस कार्यालयको मिति २०७९/०९/०८ गतेको सौर्य दैनिक राष्ट्रिय पत्रिकामा प्रकाशित सूचना बमोजिम राशन (बन्दोबस्त) आपूर्ति गर्ने कार्यका लागि तपशिल बमोजिमको बोलपत्रदाताको बोलपत्र स्वीकृतिको लागि सिफारिस भई आएकोले, सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल :

| ठेक्का नं. | विवरण | फर्मको नाम र ठेगाना | कबोल अंक (भ्याट बाहेक) | कैफियत |
|---|---|---|---|---|
| MoHP/DH/R/NCB/02/2079-80 | Ration Supply for Dadeldhura Hospital | M.B. Trade & Suppliers Amargadhi 03, Dadeldhura | 7,39,600/ | |

मेडिकल सुपरिन्टेन्डेन्ट



### सुर्खेत मेडिकल कलेज निर्माण तथा संचालन गर्ने आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मिति २०७९/१०/१७)

कर्णाली प्रदेश, सुर्खेत जिल्ला, वीरेन्द्रनगर नगरपालिकामा नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत पर्ने सुर्खेत मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजनाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना: | सुर्खेत मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजना, वीरेन्द्रनगर, सुर्खेत<br>इमेल smcicdp2076@gmail.com, फोन नं ०८३-५२०४३०, ९८५८०२२७६७ |
| प्रस्तावको व्यहोरा: | आयोजनाको मुख्य विशेषताहरु<br>आयोजनाले ओगट्ने क्षेत्रफल : २९.४९१ हे.<br>विद्यमान भू-उपयोगताको प्रकार : वन क्षेत्र<br>निर्माण हुने संरचनाहरु : अस्पताल भवन, कलेज भवन, प्रशासनिक भवन, छात्र/छात्रावास, डाक्टर आवास, स्टाफ आवास, गार्ड हाउस, क्यान्टिन भवन, खेलकुद मैदान, बहुउद्देश्यीय हल, ओभरहेड पानी ट्याङ्की, पुस्तकालय, फोहोरपानी प्रशोधन केन्द्र आदि<br>अस्पतालको शैया क्षमता : ६०० शैया<br>कलेजको प्रतिवर्ष विद्यार्थी भर्ना क्षमता : १०० जना |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा.: | सुर्खेत जिल्ला, वीरेन्द्रनगर नगरपालिका-वार्ड नं ११, १२ र १३ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।
रायसुझावको लागी पत्राचार गर्ने ठेगाना

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना: | सुर्खेत मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजना, वीरेन्द्रनगर, सुर्खेत<br>इमेल smcicdp2076@gmail.com, फोन नं ०८३-५२०४३०, ९८५८०२२७६७ |
| परामर्शदाताको नाम र ठेगाना: | पेशो कन्सल्टेन्सी प्रा.लि., शङ्खमुल, काठमाडौं<br>इमेल pesoconsultants@gmail.com, फोन नं : ९८०८५१६३५७ |



## UAE मा रोजगार | कम्पनी: KOSHELI RESTAURANT AND ICE CREAM CORNER LLC
शहर: UAE

पूर्व स्वीकृत मिति: २०७९/१०/१६ चलानी नं.: ६०१९५८१७ LT. No.: 280313

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. |
|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 2 | 0 | सम्बन्धित कामका दक्ष | 1000 | ३५,४३० |
| 2. | Commis Chef | 1 | 0 | | 2000 | ७०,८६० |
| 3. | Cook | 4 | 0 | | 1500 | ५३,१४५ |
| 4. | Kitchen Helper | 2 | 0 | | 1000 | ३५,४३० |
| 5. | Waiter | 4 | 0 | | 1200 | ४२,५१६ |
| 6. | Waiteress | 0 | 7 | | 1200 | ४२,५१६ |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २४ गते (7 Feb. 2023) मा हुनेछ ।

TOPJOBS Top Jobs Int'l Employment Services Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Tel.: 014375824, 9847754585, 9801100249, 9808818854,



## यूएईमा रोजगार | कम्पनी TAJ ALKHAIR GENERAL CLEANING - SOLE PROPRIETORSHIP L.L.C.
शहर : UAE

LT. No.: 274327 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने. रु. |
|---|---|---|---|---|---|
| 1. | cleaner | 0 | 45 | 900 | ३१,८८७ |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २४ गते (7 February 2023) मा हुनेछ ।

Nepal Life Recrutiment Agency Pvt. Ltd.
Gaushala, Kathmandu, Nepal, , Tel:4490351, 4498920
Mob. : 98510 76290, 98010 76290, E-mail: nepallifera1476.2017@gmail.com



## UAE मा PSBD SECURITY GUARD हरुलाई रोजगार

Company: M.B.K. Security Service

LT. NO. 251567

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रु. |
|---|---|---|---|---|---|
| १ | Security Guard | 41 | 00 | 2000 | ७१,०५६।- |

Basic Salary AED 2000 भएता पनि अनिवार्य OT सहित AED 2770 हुनेछ ।
अंग्रेजी लेख्न-पढ्न र बोल्न सक्ने, उचाई ५ फिट ७ इन्च र उमेर २१ देखि ३९ वर्ष सम्म भएको हुनुपर्नेछ ।

अन्तरवार्ता २०७९ माघ २४ गते (7 Feb, 2023) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौंमा हुनेछ ।

Euro Asia H.R. Solutions Pvt. Ltd.
Samakhushi, Kathmandu, Tel : 01-4980875, 9851048235, 9851042984
Email:myeuroasiahr@gmail.com

# बक्स अफिस समाचार

## बोर्डले दुबईमा गर्न लागेको 'नेपाल्स सिनेमा फेष्ट' विवादमा



**काठमाडौं/मस-** चलचित्र विकास बोर्डले फेब्रुअरी १२ देखि १५ सम्म दुबईमा गर्न लागेको 'नेपाल्स सिनेमा फेष्ट २०२३' विवादमा परेको छ। विवादित सूर्य कर्पोरेसनसँग सहकार्य गरेर बोर्डले फेष्ट गर्न लागेको भनेर भनेर विरोध शुरु भएको हो। सूर्य कर्पोरेसन केही अगाडि वैदेशिक रोजगार विभागले ८० बढी राहदानी र विदेशमा कामदारको रुपमा पठाउने भन्दै रकम लिएको कागजपत्र फेला पारेको कम्पनी हो।

फेस्टिभलमा 'कबड्डी कबड्डी४', 'ऐना झ्यालको पुतली', 'महापुरुष'आदि फिल्म पनि देखाउने कार्यतालिका रहेको छ। तर चलचित्रकर्मीहरुले नै बोर्डको यस निर्णयप्रति विरोध जनाएका छन्।

प्रदीप भट्टराईको लेखन तथा निर्देशन रहेको फिल्म 'महापुरुष'ले चलचित्र विकास फिल्म फेस्टिभल बहिष्कारको घोषणा गरेको छ। फिल्मले सामाजिक सञ्जालमा विकास बोर्डले गर्न लागेको फेस्टिभलमाथि प्रश्न उठाउँदै जानकारीबिना आफ्नो फिल्म समावेश गरेको र फेस्टिभलमा सहभागी नजनाउने बताएको हो।

फिल्म निर्माण कम्पनी षट्कोण आर्टले आफ्नो फेसबुकमा लेखेको छ 'चलचित्र विकास बोर्ड ले ३० लाख खर्च गरेर विवादास्पद कम्पनी सूर्य कर्पोरेशन सँग मिलेर नेपाली फिल्म र पर्यटनलाई विश्व सामु पुर्‍याउने नाराका साथ दुबईमा गर्न लागेको गर्न लागेको नेपाली सिनेमा फेस्ट २०२३ मा हाम्रो फिल्म 'महापुरुष' हामीसँग अनुमति नलिकन उक्त कार्यक्रममा समावेश गरेकोमा हाम्रो ध्यानाकर्षण भएको छ। हाम्रो नेपाली चलचित्र लाई विश्व बजारमा पुर्‍याउने विकास बोर्डको चाहना स्वागत छ तर यी र यस्ता नेपालीहरु माझ हुने घुमघाम र नाचगान कार्यक्रमले नेपाली फिल्मलाई कसरी सहयोग विश्व बजारमा लेजान्छ होला? यता खर्च गर्ने ३० लाख पैसाले बरु त्यो मिडल इस्टमा व्यवसायिक प्रदर्शन हुने नेपाली फिल्महरुको सेन्सरमा ट्रान्सलेसनमा सहयोग गरे केही राहत होला। साथै विवादमा आएको कम्पनीसँग सहकार्य गर्न बोर्डलाई के कुराले बाध्य बनायो होला? यी र यस्ती प्रश्न र सुझाव सहित हाम्रो फिल्म उक्त कार्यक्रममा सहभागी नगराउनु हुन अनुरोध गर्दछौं।'

यस्तै फिल्म निर्माता एव निर्देशक सन्तोष सेनले पनि सामाजिक सञ्जालमा पोष्ट गर्दै बोर्डको फेष्टको नाममा हुने नेपाली कलाकारको घुमघाम र नाचगान कार्यक्रमले नेपाली फिल्मलाई कसरी विश्व बजारमा लैजान सहयोग गर्छ होला? भनेर प्रश्न उठाएका छन्। उनले फेष्टमा बोर्डले दिन लागेको ३० लाख सरकारी बजेको समेत विरोध गरेका छन्।

उनले लेखेका छन्, 'चलचित्र विकास बोर्डले ३० लाख खर्च गरेर विवादास्पद कम्पनी सूर्य कर्पोरेशनसँग मिलेर नेपाली फिल्म र पर्यटनलाई विश्व सामु पुर्‍याउने नाराका साथ दुबईमा गर्न लागेको नेपाली सिनेमा फेस्ट २०२३ गर्ने भएको रहेछ। नेपाली चलचित्रलाई विश्व बजारमा पुर्‍याउने चाहना स्वागतयोग्य हो। तर नेपाली कलाकार घुमघाम र नाचगान कार्यक्रमले नेपाली फिल्मलाई कसरी विश्व बजारमा लैजान सहयोग गर्छ होला?'

## 'मनसँग मन'को ट्रेलर रिलिज

**काठमाडौं/मस-** यही माघ २७ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको कैलाश राईद्वारा निर्देशित फिल्म 'मनसँग मन'को ट्रेलर सार्वजनिक भएको छ। सोमबार सार्वजनिक २ मिनेटको ट्रेलरमा अभिनेता पुष्प खड्का र अभिनेत्री वर्षा सिवाकोटीको प्रेममा आउने उतार-चढावलाई देखाइएको छ। ट्रेलरको सुरुवातमा वर्षा पुष्पको प्रेममा छन् भने क्लाइमेक्सतिर उनको विवाह बुद्धि तामाङसँग भएको देखिन्छ।



अरुण तामाङ निर्माता रहेको यो फिल्ममा रविन्द्र भन्डारी, महेन्द्र बगदास, चाँदनी प्रधान, शान्ति दालगायतको पनि अभिनय छ। सौरभ इन्टरटेन्मेन्ट र बालाजी इन्टरटेन्मेन्टको प्रस्तुतिमा निर्मित फिल्ममा सौरभ लामाको छायाकन, अर्जुन जोसीको सम्पादन, रामजी लामिछाने र कमल राइको कोरियोग्राफी, कैलाश राइको कथा तथा पटकथा छ। ट्रेलरमा पुष्प एक्सन अवतारमा पनि प्रस्तुत छन्।

सन्तोष खवासको द्वन्द्व निर्देशन, अर्जुन पोखरेल, अगोमा गुरुङ र दीपक शर्माको संगीत रहेको फिल्ममा समावेश 'मेरो त भाग्य' बोलको गीतमा अभिनेता पल शाह र अभिनेत्री पूजा शर्माले नृत्य गरेका छन्। यो गीत दुई वर्ष अगाडि नै युट्युबमा सार्वजनिक भएको थियो। लकडाउनअघि 'बाजबाजा' नाममा छायाकन भएको फिल्मको पछि नाम परिवर्तन गरेर 'मनसँग मन' राखिएको हो।

**Ramprasadrai Rural Municipality**
**Office of the Rural Municipal Executive**
Baikunthe, Bhojpur
Province No. 1, Nepal

**Invitation For Sealed Quotations**

**Date of publication: 2079/10/17**

1. Ramprasadrai Rural Municipality Office of the Rural Municipal Executive, Baikunthe, Bhojpur invites sealed quotations from eligible bidders for the procurement of the following works.
2. All other information and Sealed quotation document can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp or may obtain at office during office time till the day before deadline date. All eligible bidders are requested to submit sealed quotations as per instructions within the mentioned period.

| S. N. | Name of Project | IFB No. | Total Cost Exc. VAT & Contingencies | Cost of the Bid Document | Method | Mode | Bid Validity | Bid Security | Bid Security Validity | Last Submission Date |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Procurement & Installation Of Sahale Dalgau Khanepani Lift Solar System. | 01/RRR/ 2079/080 | Rs. 18,23,739.00 | Rs. 1,000.00 | Sealed Quotation | E-bid | 45 days | Rs. 46,000/- | 75 days | 2079/11/03 |

**Information to deposit cost of bidding document**
Name of Bank : NIC ASIA Bank Ltd., Branch office Baikunthe, Bhojpur.
Name of office : Ramprasadrai Rural Municipality, Baikunthe, Bhojpur.
Office account no. : **2152050028990002 Ga-1.1 Antarik Rajaswa Khata.**

3. Electronic sealed quotations must be submitted to the **Office of Ramprasadrai Rural Municipality, Baikunthe, Bhojpur** through PPMO website www.bolpatra.gov.np/egp before 12:00pm of the final date as mentioned above. Sealed quotations received after this deadline will be rejected. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00pm on the final date as mentioned above at the **Office of Ramprasadrai Rural Municipality, Baikunthe, Bhojpur**.
4. Sealed quotations must be accompanied by bid security amount as stated in the above table either in the form of bank voucher confirming cash deposits in **Ramprasadrai Rural Municipality Office, Baikunthe, Bhojpur** Office Account No.: **LSCA052570252401** Isthaniyataha Dharauti Khata (Ga-3.1) or a bid security issued by a commercial bank (approved by Nepal Rastra Bank) with validity as mentioned in the above table.
5. All other conditions of the bidding process will be as per the public procurement act 2063 and public procurement regulation 2064

**Chief Administrative Officer**

## 'छक्कापञ्जा ४' को गीत 'दर्शन सलाम' सार्वजनिक

**काठमाडौं/मस-** आगामी फागुन १९ गतेबाट प्रदर्शन हुन लागेको हेमराज बिसी निर्देशित फिल्म 'छक्का पञ्जा ४'को पहिलो गीत सार्वजनिक भएको छ। लोक शैलीको 'दर्शन सलाम' बोलको सार्वजनिक गीतमा हेमिङ शकर र सहिमा श्रेष्ठको स्वर छ भने राजेन्द्र थापाको शब्द रचना र दीपक शर्माले संगीत भरेका छन्। चुनावको पृष्ठभूमिमा तयार पारिएको गीतमा कविराज गहतराजको कोरियोग्राफी छ।

फिल्मका मुख्य कलाकारहरु दीपकराज गिरी, दीपाश्री निरौला, निर्मल शर्मा, केदार घिमिरे, बुद्धि तामाङ, राज आचार्यका साथमा अभिनेत्री स्वस्तिमा खड्काले गीतमा नृत्य गरेका छन्।

नेताको भूमिकामा रहेका दीपकले गीतको अन्तिममा मतपेटिका र निर्वाचन अधिकृतलाई कब्जा गरेको दृश्य समावेश छ, जसले नेपालका राजनीतिज्ञप्रति व्यंग गरेको छ। यो दृश्यले फिल्म राजनीतिक विषयमा निर्माण भएको बुझाउँछ। फिल्मको पटकथा तथा संवाद दीपकराज गिरीले तयार पारेका हुन्। फिल्ममा नरेन्द्र मैनालीको छायाकन, रोशन श्रेष्ठको द्वन्द्व, निमेष श्रेष्ठको सम्पादन छ।

**मेडिकल बिक्रीमा**

**वैदेशिक रोजगारसँग सम्बन्धित चलिरहेको मेडिकल सेन्टर बिक्रीमा**

**९८४०२००३५२**
**९८४९२७१७४३**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७९/१०/१७**

**क्षितिज गेष्ट हाउस प्रा.लि. (Kshitiz Guest House Pvt. Ltd)** को मिति २०७९/०९/०५ गतेमा सम्पन्न विशेष/वार्षिक साधारण सभा बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **ड्रिम होटल नेपाल प्रा.लि. (Dream Hotel Nepal Pvt. Ltd.) (प्रा.लि. नं.: १८९४३९)** कायम गर्ने गरी मिति २०७९/०९/१८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**चौंरीदेउराली गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**ढाँडखर्क भञ्ज्याङ, काभ्रेपलाञ्चोक**
**बागमती प्रदेश, नेपाल**

**Invitation for Electronic Bids**

1st Date of Publication: 2079/10/17(2023-01-31)

1.Chaunrideurali Rural Municipality,Dhadkharka Bhanjyang,Kavre invites electronic bids from duly eligible & qualified registered bidders for the procurement of following works under NCB/WORKS for S.N 1&2 . Name & identifications of contracts are mentioned below though the details are in the bidding document.

| S.N. | Contract Identification No. | Description of Works | Bid Document Fee Amount | Bid security Amount | Bid Submission Deadline | Bid Opening Date |
|---|---|---|---|---|---|---|
| 1 | CDRM/WORKS/ NCB/05/079/080 | Zerokilo Sulikot Deurali Madan Kundari Sadak Starnnoti & Kalopatre From Chainage 1+500 | NRs 3000.00/- | NRs. 120,000.00/- | 2079/10/17 (2023-01-31) 12:00 | 2079/11/18 (2023-03-02) 13:00 |
| 1 | CDRM/WORKS/ NCB/06/079/080 | Dhadkharka Bhanjyang Dhuseni Hudai Majhifeda Sadak Staronnati & Kalopatre From chainage 1+140 | | | | |

| Name of Bank | Name of office | | Revenue Account Name & No. | Deposit Account name & No. |
|---|---|---|---|---|
| Kumari Bank, Chaunrideurali Branch | Chaunrideurali Rural Municipality, Dhadkharka, Bhanjyang, Kavre | | ग.१.१ आन्तरिक राजश्व खाता | ग.३ स्थानिय तह धरौटी खाता |
| | २६६०२४७९४८७००००१ | | २६६०२४७९४८७००००४ | |

For further information please refer to the PPMOs website http/bolpatra.gov.np/egp. Any amendment in the notice or bid document will be posted in the website of office.

**Chief Administrative Officer**

# भारत भ्रमणका लागि प्रारम्भिक टोली घोषणा



काठमाडौं/मस- भारतविरुद्धको मैत्रीपूर्ण खेलका लागि नेपाली महिला टोलीको प्रारम्भिक टोलीको घोषणा भएको छ । प्रारम्भिक टोलीमा ४३ खेलाडीलाई बोलाइएको एन्फाले जनाएको छ । राष्ट्रिय महिला टोलीका मुख्य प्रशिक्षक अनन्तराज थापाले सोमबार मैत्रीपूर्ण खेलका लागि प्रारम्भिक टोली घोषणा गरेका छन् ।

एन्फाले भारतविरुद्ध हुने मैत्रीपूर्ण खेलका लागि थापालाई आइतबार मुख्य प्रशिक्षकमा नियुक्त गरेको हो । एन्फाका महासचिव किरण राईले थापालाई सातदोबाटोस्थित एन्फा मुख्यालयमा नियुक्ति पत्र हस्तान्तरण गरेका थिए ।

पूर्व राष्ट्रिय खेलाडी समेत रहेका थापा ए डिभिजन टोली नेपाल पुलिस क्लबका प्रशिक्षक हुन् । उनलाई एन्फाले पहिलो पटक महिला टोलीको मुख्य प्रशिक्षकको जिम्मेवारी दिएको हो । थापाले यसअघि नेपालमै सम्पन्न महिला साफ च्याम्पियनसिपमा भने प्राविधिक अध्ययन समितिमा रहेर काम गरेका थिए ।

त्यस्तै सहायक प्रशिक्षकमा गंगा गुरुङ र गोलकिपिङ प्रशिक्षकमा सुरजकुमार लामालाई नियुक्त गरिएको थियो भने टिम म्यानेजरमा वृन्दा देवानलाई दिइएको थियो । राष्ट्रिय महिला टोलीको बन्द प्रशिक्षण मंगलबारदेखि एन्फा कम्प्लेक्समा शुरु हुँदैछ । नेपाली महिला टोलीले भारतसँग उसैको मैदानमा खेल्नेछ । मैत्रीपूर्ण खेल फेब्रुअरी १३ देखि २५ को बीचमा हुनेछ ।

प्रारम्भिक टोलीमा सावित्रा भण्डारी, अञ्जिला तुम्बापो सुब्बा, अनिता बस्नेत, सरु लिम्बु, अमिषा कार्की, अमृता जैसी, अनिता केसी, अञ्जली याइवा, अञ्जना राना मगर, अनुष्का शेर्पा, बिमला बिक, बिमला चौधरी, चन्द्र भण्डारी, दिपा न्यौपाने, दीमा शाही, गंगा गुरुङ, गिहिमकुमारी गुरुङ, गीता राना, हिमा चौधरी, हिरकुमारी भुजेल, कविता बिक, कविता धिमाल, कुसुम राई, कुसुम खतिवडा, मनिका कुस्वार, मञ्जलीकुमारी योञ्जन, मेनुका आले मगर, निर्मला बिक, निशा थोकर, प्रीति राई, रश्मीकुमारी घिसिङ, रेखा पौडेल, रेणुका नगरकोटी, सविता राना मगर, समीक्षा घिमिरे, सञ्जु कुमाल, सपना राई, सरस्वती हमाल, सरस्वती ऐयर, सिर्जना चेम्जोङ, सिर्जना सिंह ठकुरी, सुनिता चौधरी र उषा नाथ रहेका छन् ।

# प्रणव र सुनिराको विजयी शुरुवात



**काठमाडौं/मस-** नेपालका प्रणव मानन्धर र सुनिरा थापाले आईटीएफ वर्ल्ड टेनिस टुर जे ६० काठमाडौंअन्तर्गत सर्किट १ मा सोमबार विजयी शुरुवात गरेका छन् ।

सातदोबाटोस्थित टेनिस कोर्टमा भएको ब्वाइज सिंगल्समा प्रणवले भारतका निकिल डिसुजालाई ६-१ र ६-४ को सोझो सेटमा पराजित गरे । सोही स्पर्धाको अन्य खेलमा भियतनामका फाम ला होङ, भारतका प्रत्यक्ष, भारतका मायक शर्मा, हङकङका होङ कि ली, चीनका फान्मिङ मेङ, भारतका ध्रुव नन्दल, देवासिश साहु, आर्यन सुटर, ड्रिक शाह र सागर कुमार तथा भियतनामका नोक लाम काउले पनि पहिलो चरणमा जित निकाले ।

नेपाल टेनिस संघद्वारा आयोजित प्रतियोगिताको महिला सिंगल्समा सुनिराले भारतकी अनुष्का भोलालाई ६-४, ५-७ र ६-१ को सेटमा हराइन् । अन्य प्रतिस्पर्धामा भारतका सिमिन अहमद, अर्जन खोराकिवाला, इसी महेश्वरी, अमोदिनी नायक, तमन्ना टकोरिया, समइरा पहवा र साङ जान्मी तथा बेल्जियमकी क्यामिली फिस्केट, हङकङकी जान लिङ छुन चोङ, रुसकी मिलिना सुक्चकुलोभा र थाइल्याण्डकी कन्छुया छुइयाराना विजयी भए ।

प्रतियोगिता आयोजक संघकी अध्यक्ष ज्योति राणा र महासचिव मनोहरदास मुलले एक कार्यक्रमबीच संयुक्त उद्घाटन गरे । ब्वाइज/गर्ल्समा ३२-३२ खेलाडी सहभागी छन् ।

Province Government

Ministry of Road Infrastructure and Urban Development

Transport Infrastructure Directorate

## Infrastructure Development Office

Panchthar, Phidim

Province No. 1, Nepal

### RE-Invitation For E-Bid

Notice No. 08/079/80 (Re)

First Date of Publication: 29th December 2022 (2079/09/14)

Second Date of Publication: 31st January 2023 (2079/10/17)

1. Infrastructure Development Office, Panchthar invites electronic bids only from eligible bidders for the following works.
2. Only eligible bidders with the key qualifications as mentioned in Evaluation Criteria of bidding documents should participate in this bidding:

| Contract Identification No.: | Description & Location of Work | Average Annual Construction Turnover for last 3 years over the last 10 years excluding VAT (NRs.) In millions | Cash Flow (NRs) In millions | Bid Capacity (NRs.) In millions | Bid Security (NRs.) | Bid Document Fee (NRs) |
|---|---|---|---|---|---|---|
| IDO-PAN-NCB-BRIDGE-079/80-33 | Construction of Neruwa Khola Pre-Stressed RCC Bridge, Maiwakhola Rural Municipality (Ward No. 02 & 05), Taplejung | 50.80 | 8.50 | 61.00 | 17,00,000.00 | 5,000.00 |

3. Deadline for Bid Submission and Opening:

| Submission of Bid | | Opening of Bid | | Revenue a/c No: | 27002000001001000001 | Office Code: 3370102011 |
|---|---|---|---|---|---|---|
| Date | Time | Date | Time | Revenue Heading No: | 14229 | Nepal Bank Limited, Phidim |
| 15 February, 2023 (2079/11/03) | 12:00 hours | 15 February, 2023 (2079/11/03) | 13:00 hours | Deposit a/c No:(Dharauti) | 06702000002003000001 | Pra.le.ikai.ka |
| | | | | Name of office | Infrastructure Development Office, Panchthar | |
| | | | | Bank | Nepal Bank Limited, Phidim | |

4. Bid Security period shall be 30 days beyond bid Validity period. Bidder has to submit their bid electronically only. They may download the bidding documents for further information, inspection & e-submission from PPMOs web site www.bolpatra.gov.np
5. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
6. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
7. Matters not covered in this notice shall be treated in accordance with PPA-2063 and PPR-2064 (Latest addendum)

Office Chief

# त्रिवेणी गाउँपालिकामा ५ औं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता शुरु



कमल खडुका/मध्यान्ह
रोल्पा, १६ माघ

'स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद' भन्ने नारासहित त्रिवेणी गाउँपालिकास्तरीय अन्तर माध्यमिक विद्यालय ५ औं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता शुरु भएको छ । त्रिवेणी गाउँपालिका जुगार रोल्पाको आयोजना तथा जिल्ला खेलकुद विकास समिति रोल्पाको समन्वयमा प्रतियोगिता शुरु भएको हो । प्रतियोगिता जन जागृति माध्यमिक विद्यालय जुगार ५ को खेलकुद मैदानमा भइरहेको छ । प्रतियोगिता १५, १६ र १७ गते गरी ३ दिनसम्म सञ्चालन गरिने आयोजकले जानकारी गराएको छ ।

रनिङ शिल्ड उद्घाटन समारोहमा त्रिवेणी गाउँपालिका अध्यक्ष कर्णबहादुर ओलीको अध्यक्षता तथा प्रतिनिधिसभा सदस्य ईश्वरी जीएमको प्रमुख आतिथ्यता, प्रदेशसभा सदस्य दिपेन्द्रकुमार पुन सिर्जलको विशिष्ट आतिथ्यता, रुन्टीगढी गाउँपालिका अध्यक्ष जनक पुन, माडी गाउँपालिका अध्यक्ष अमर घर्ती, कपुरकोट गाउँपालिका सल्यानका अध्यक्ष दुर्गालाल पुनको अतिथ्यता रहेको थियो ।

उद्घाटन समारोहमा प्रमुख अतिथि प्रतिनिधिसभा सदस्य ईश्वरी जीएमले खेलकुद मानव जीवनको अभिन्न अंग भएको बताउँदै प्रतियोगिताको सफलताका लागि शुभकामना व्यक्त गरे । उनले रोल्पामा बालविवाह, बहुविवाह तथा आत्महत्या जस्ता समस्या रहेको हुँदा यसलाई निमुर्ल गर्न बाल सञ्जाल, युवा सञ्जालका साथै सरकार लागि परे मात्र केही हदसम्म रोक्न सकिने बताए ।

साथै बालबालिका भनेका देशका कर्णधार भएको बताउँदै उनले बालबालिकामा लगानी गर्नसमेत सबैलाई आह्वान गरे । अत्याधिक बालबालिकाले सामाजिकसञ्जाल प्रयोग गर्दै आएको र त्यसको दुरुपयोग बढेका कारण यसलाई रोक्न सबै लाग्नुपर्ने उनको भनाइ थियो ।

त्यसैगरी रुन्टीगढी गाउँपालिकाका अध्यक्ष जनक पुनले छिमेकी गाउँपालिकाको हिसाबले आमन्त्रण गरेकोमा आयोजक टिमलाई धन्यावाद व्यक्त गरे । खेलकुद स्वास्थ्यका लागि महत्वपूर्ण रहेको बताउँदै उनले प्रतियोगिता सफलताको शुभकामना व्यक्त गरे ।

त्यसैगरी छिमेकी र सिमाना जोडिएको गाउँपालिका भएका कारण कुनै पनि विकासका गतिविधिमा समन्वय गर्न चाहेमा आफू हातेमालो तथा सहकार्य गरेर अगाडि बढ्ने उनले बताए ।

अतिथि स्वागत गीतसँगै शुरु भएको कार्यक्रममा जिल्ला खेलकुदको तर्फबाट कराते प्रदर्शनी, बाल नृत्य लगायत प्रस्तुत गरिएको थियो । साथै त्रिवेणी गाउँपालिकाले गाउँपालिकामा एसईईमा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई नगद एक लाखसहित सम्मानपत्रले सम्मान गरेको थियो ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
हकदावी सम्बन्धी सूचना

यस कार्यालयमा मिति २०७६/०४/१६ मा दर्ता भएको प्रा.लि. नं. १५२५१७ को हवेन इन्भेस्टमेन्ट प्रा.लि. नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै लिनु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

कर्मचारी हटाईएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने इजाजत प्राप्त **अरोरा ह्युमन रिसोर्स प्रा.लि. (इजाजत नं. ७३६/०६८/०६९)** मा कार्यरत **रति भण्डारी**लाई मिति २०७६/०३/३० गते यस प्रा.लि.को **प्रतिनिधि** पदबाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै निजसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउन हुन भनि यसै सार्वजनिक सूचना जारी गरिएको छ । यदि गरे गराएमा यस कम्पनी जिम्मेवार हुने छैन ।

अरोरा ह्युमेन रिसोर्स प्रा. लि.
E-mail: aurorahrpl@gmail.com, Web: www.auroranepal.com Mobile: 985-1129971, 9851088157

## Sirijangha Rural Municipality

Office of The Rural Municipal Executive

Tellok, Taplejung

### Invitation for Online Bids

First Date of publication: - 2079/10/17 (31st – Jan. 2023)

1. **Sirijangha Rural Municipality, Tellok, Taplejung** invites electronic bids from Nepalese eligible bidders under National Competitive Bidding with single stage single envelope procedure.

| SN | Description of Works | Contract Identification No. | Estimate Amount NRs (With VAT, PS & Contingency | Bid Security (NRs) | Bid Document Fee | Bid Submission Date | Bid Opening Date | Bid Validity Period |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Mamankhe Ko Khaksewa Khola Dekhi Woda Karyalaya Hudai Yamphudin Jodne Sadak Aayojana | NCB/Works/Roads/ SRM/06/2079/080 | 50,00,012.00 | 1,40,000.00 | 3,000.00 | 2079/10/24 07th Feb 2023 Noon 12:00 | 2079/10/24 07th Feb 2023 Noon 13:00 | 90 Days |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Sirijangha Rural Municipality, Tellok, Taplejung, Facsimile no: 9841710119** or may visit PPMO website www.bolpatra.gov.np/egp.

Chief Administrative Officer

# काठमाडौंमा 'स्पेसल प्लानिङ प्लेटफर्म' को आयोजना हुँदै



**काठमाडौं/मस** – सहरी विकास मन्त्रालयको संयोजनमा नेपालमा पहिलोपटक 'स्पेसल प्लानिङ प्लेटफर्म' आयोजना गरिने भएको छ । युएन ह्याबिट्याट एव जापान सरकार र भूमि, पूर्वाधार, यातायात तथा पर्यटन मन्त्रालयसँगको सहकार्यमा 'एकीकृत र जलवायु अनुकूलन सहरी विकासका लागि स्थानीय योजना' भन्ने नारासहित पाँचौं संस्करणको सम्मेलन नेपालमा आयोजना गर्न लागिएको हो ।

दिगो उत्थानशील र समावेशी समाज तथा सहरबस्ती निर्माणका लागि हातेमालो गर्ने उद्देश्यले सन् २०१८ मा जापान सरकारको भूमि, पूर्वाधार, यातायात तथा पर्यटन मन्त्रालयले यो प्लेटफर्मको स्थापना गरेको हो । यससम्बन्धी पहिलो सम्मेलन भने जापानमै सन् २०१९ मा आयोजना गरिएको थियो ।

विश्व आर्थिक गतिविधिको बदलिँदो परिदृश्य, बढ्दो प्राकृतिक प्रकोप, जलवायु परिवर्तन र अन्य चुनौतीका कारण सरकारलाई केन्द्रीय, प्रादेशिक तथा स्थानीय तह सुहाउँदो नीतिनियमको तर्जुमा गर्न सबल बनाउन कार्यक्रमले सहयोग गर्ने आशा गरिएको मन्त्रालयका प्रवक्ता प्रदीप परियारले बताएका छन् ।

सम्मेलनले दिगो, उत्थानशील र समावेशी समाज हासिल गर्ने लक्ष्य प्राप्तिका लागि आइपर्ने चुनौतीको सामना कसरी गरिरहेछन् भन्ने विषयमा दिशानिर्देश गर्ने विश्वास लिइएको छ । सम्मेलन उद्घाटनको अघिल्लो दिन माघ १८ गते अन्तर रिष्ट्रिय प्रतिनिधिले काठमाडौं उपत्यका विकास प्राधिकरणले सहरी विकासमा गरिरहेको कामको स्थलगत अवलोकन भ्रमण गर्ने जनाइएको छ । कार्यक्रमको प्राविधिक सत्रमा राज्यको विभिन्न तहमा भूमि तथा सहरी व्यवस्थालाई सुदृढ पार्न विभिन्न देशले अवलम्बन गरेका उपायको प्रस्तुति गरिनेछ । जलवायु परिवर्तन अनुकूलनका लागि स्थानीय योजना र क्षेत्रीय दृष्टिकोणको प्रस्तुति पनि गरिने जनाइएको छ ।

सम्मेलनमा पोष्टर प्रस्तुतीकरण, नेपालको क्षेत्रीय योजना र विकासको मार्गचित्रसम्बन्धी विशेष सत्र एव घटना अध्ययनको प्रस्तुति पनि समावेश गरिने प्रवक्ता परियारले बताए । सहभागीले नेपालको स्थानीय योजना दृष्टिकोणका समस्या र सम्भावनाका बारेमा छलफल हुनेछ । सहभागी देशका पनि यससम्बन्धी घटना अध्ययन हुने मन्त्रालयले जनाएको छ ।

जमिनमा सबै कुरा बन्छ भने कसरी योजना बनाउने भन्ने सम्मेलनको मुख्य उद्देश्य रहेको मन्त्रालयका सहसचिव पद्मकुमार मैनालीले जानकारी दिए । काठमाडौं उपत्यका र काभ्रे उपत्यकाका विकासका बारेमा नमुना अध्ययन यस विषयमा गर्न सकिने उनको भनाइ थियो । युएन ह्याबिट्याटका कार्यक्रम व्यवस्थापक प्रज्ञा प्रधानले नेपालको एकीकृत सहरी विकासका लागि सम्मेलन फलदायी हुने आशा गरिएको बताए ।

कार्यक्रम यही माघ १९ र २० गते राजधानीमा आयोजना गरिने भएको छ । सम्मेलनमा भुटान, बंगलादेश, कम्बोडिया, चीन, भारत, इन्डोनेसिया, जापान, मोजाम्बिक, मलेसिया, फिलिपिन्स, श्रीलंका, युगान्डा र भियतनाम गरी १३ देशका उच्च अधिकारी र विज्ञको सहभागिता हुनेछन् ।

# डिसहोममा एक वर्षको रिचार्ज गर्दा सर्लाहीका गिरीले जिते एक लाख




**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, १६ माघ ।

सर्लाहीको बरहथवा नगरपालिका-१ का वीरबल गिरीले डिसहोममा १ वर्षको रिचार्ज गर्दा १ लाख रुपैयाँ पुरस्कार जितेका छन् । डिसहोमका एरिया सेल्स म्यानेजर राजेश लुगेल र गृहशोभा फर्निचर बरहथवाका म्यानेजर लालबाबु महतोले उनले जितेको उक्त रकम बराबरको चेक संयुक्तरूपमा हस्तान्तरण गरेका थिए ।

गिरीले डिस मिडिया लिमिटेडको बरहथवा एरिया डिलर गृहशोभा फर्निचरबाट एक वर्षको रिचार्ज गरेर यस योजनाको लक्की ड्रमा सहभागी भएका थिए । डिसहोममा १ वर्षको रिचार्ज गर्दा २४ महिना डिसहोम हेर्न पाइने योजना सञ्चालन रहेको छ । यस योजनाअन्तर्गत डिसहोम डीटीएचका ग्राहकहरूले नजिकैको डिलरकोमा गएर फण्ड ट्रान्सफरमार्फत १ वर्षको रिचार्ज गर्दा सो योजनामा सहभागी हुन पाउने व्यवस्था गरिएको छ ।

साथै यो अफर अन्तर्गत रिचार्ज गर्नेमध्ये हरेक हप्ता एक जना भाग्यशाली ग्राहकले 'लक्की ड्र' मार्फत नगद १ लाख रुपैयाँ जित्ने अवसर पाउनेछन् । लक्की ड्रको प्रत्यक्ष प्रसारण हरेक हप्ता सोमबार साँझ ५ बजे डिसहोम रियालिटी टिभी, रमाइलो एचडी, सरोकार टिभी, नेपाः च्यानल र डिसहोम शोकेसमा हेर्न सकिने कम्पनीले मध्यान्हलाई जानकारी दिएको छ ।

# एलआईसी नेपालले ८८ प्रतिशत हकप्रद जारी गर्ने



**काठमाडौं/मस** – लाइफ इन्स्योरेन्स कर्पोरेशन (एलआईसी) नेपालले ८८.४५ प्रतिशत हकप्रद शेयर जारी गर्ने भएको छ । कम्पनीले हाल कायम चुक्ता पुँजीको १ बराबर ०.८८४५१६८को अनुपातमा दुई अर्ब ३४ करोड ६८ लाख रुपैयाँ बराबरको हकप्रद शेयर जारी गर्न लागेको हो । उक्त शेयर निष्काशन तथा बिक्रीका लागि कम्पनीले नेपाल एसबिआई मर्चेण्ट बैंकिङलाई निष्काशन तथा बिक्री प्रबन्धकमा नियुक्त गरेको छ ।

हाल कम्पनीको चुक्ता पुँजी २ अर्ब ६५ करोड ३२ लाख रुपैयाँ छ । प्रस्तावित हकप्रद पश्चात कम्पनीको चुक्ता पुँजी ५ अर्ब रुपैयाँ पुग्ने छ । जुन नेपाल बीमा प्राधिकरण तोकेको न्यूनतम चुक्ता पुँजी हो । उक्त बिक्री प्रबन्धक नियुक्ति सम्झौतामा नेपाल एसबिआई मर्चेण्ट बैंकिङका तर्फबाट प्रबन्ध सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृत देवराज अधिकारी र एलआईसी नेपालको तर्फबाट प्रमुख कार्यकारी अधिकृत लक्ष्मीप्रसाद दासले हस्ताक्षर गरेका छन् ।

# नेको इन्स्योरेन्सको साधारण सभा सम्पन्न



**काठमाडौं/मस** – नेको इन्सुरेन्स लिमिटेडको साधारण सभा सम्पन्न भएको छ । कम्पनीले माघ १५ गते २७औं वार्षिक साधारण सभा सम्पन्न गरेको हो ।

उक्त साधारण सभाले आ.व. २०७८/०७९ को कम्पनीको वित्तीय विवरण पारित गर्नुका साथै शेयरधनीहरूलाई १५ प्रतिशत बोनस शेयर तथा कर प्रयोजनको लागि ०.७९ प्रतिशत नगद लाभांश दिने निर्णय पारित गरेको छ । सभाले आ.व. २०७९/०८० को लागि लेखापरीक्षक नियुक्ति अनुमोदन गर्नुको साथै बोनस शेयर जारी पश्चात हुने कम्पनीको पुँजी वृद्धि गर्ने प्रस्ताव समेत पारित गरेको छ ।

शेयरधनीहरूले राखेको जिज्ञासाको अध्यक्ष रोहित कुमार भट्टराई तथा प्रमुख कार्यकारी अधिकृत अशोक कुमार खड्काले जवाफ दिएका थिए ।

# २४० वाटको चार्जिङ प्रविधि ल्याउँदै रियलमी




**काठमाडौं/मस** – रियलमीले संसारमै पहिलो पटक २४० वाटको चार्जिङ प्रविधि ल्याउने भएको छ । टेक्नोलोजी ब्रान्ड रियलमीले आफ्नो आउँदो फ्लागसिप स्मार्टफोनमा दुई सय ४० वाटको चार्जिङ सपोर्ट हुने जनाएको छ । जुन अहिलेसम्मको सबैभन्दा छिटो हो ।

योसँगै रियलमी विश्व मोबाइल उद्योगमै सबैभन्दा बढी पावरको चार्जिङ टेक्नोलोजी प्रदान गर्ने स्मार्टफोन ब्रान्ड हुने भएको छ । कटिङ एज चार्जिङ सोलुसनयुक्त यो नयाँ प्रविधिले फोनलाई सुरक्षित र छरितो तरिकाले चार्ज गर्छ । जसले उपभोक्ताहरूलाई राम्रो अनुभव प्रदान गर्ने कम्पनीले जनाएको छ । ९८.७ प्रतिशतको अत्यधिक उच्च पावर कन्भर्सन रेट भएको यस दुई सय ४० वाटको इनोभेटिभ चार्जिङ आर्किटेक्चरले लो भोल्टेजमा नै सुरक्षित तरिकाले चार्ज गर्न सक्ने बताइएको छ । रियलमीले संसारमै पहिलोपल्ट १२ एम्पियरको चार्जिङ केबलसमेत ल्याउँदै छ । जुन मोबाइल उद्योगमै अहिलेसम्मको सबैभन्दा राम्रो र उच्च स्ट्यान्डर्डको रहेको कम्पनीको भनाइ छ ।

# स्प्राइटको नयाँ क्याम्पेन–पिरोको झट्का स्प्राइटले मेटा

**काठमाडौं/मस** – नेपालको लोकप्रिय लेमन-लाइम पेय पदार्थ स्प्राइटले 'पिरोको झट्का स्प्राइटले मेटा' नामक नयाँ क्याम्पेन शुरुवात गरेको छ । पिरो खानेकुरा खाएपछि पिरो मेटाउन र खानेकुराहरूको स्वाद अझै लिनको लागि स्प्राइट सबैभन्दा उपयुक्त पेय पदार्थ हो भन्ने सन्देश दिनको लागि यो नयाँ क्याम्पेन शुरुवात गरिएको कम्पनीले जनाएको छ ।

यो क्याम्पेनको एउटा भागको रुपमा नयाँ टेलिभिजन कमर्सियल पनि ल्याइएको कम्पनीले जनाएको छ, जसमा जसिता गुरुङ, नाजिर हुसेन र कविता नेपालीले अभिनय गरेका छन् । जनकपुरमा छायांकन गरिएको यो टिभिसिमा त्यहाँको स्थानीय संस्कृति र खानेकुराहरूलाई देखाइएको छ ।

क्याम्पेनको बारेमा बोल्दै कोका-कोला नेपालका कन्ट्री डाइरेक्टर आदर्श अवस्थीले भने 'नेपाली युवाहरू पिरो चाउचाउ, पिरो चटपटे जस्ता पिरो खानेकुरा अत्यन्तै रुचाउँछन् । यो नयाँ क्याम्पेनले त्यस्तो पिरो खानेकुराहरूको लागि स्प्राइट नै सबैभन्दा राम्रो साथी भएको सन्देश दिएको छ । यो क्याम्पेनलाई लिएर हामी धेरै उत्साहित छौं र हामीलाई आशा छ हाम्रा उपभोक्ताहरूले पनि आफ्नो मन पर्ने पिरो खानेकुरासँग स्प्राइटको भरपुर मजा लिनुहुनेछ ।'

गत वर्ष स्प्राइटले अझ रिफ्रेशिङ लेमनको स्वादमा स्प्राइट नेपाली बजारमा ल्याएको थियो जुन उपभोक्ताहरूको रोजाइ अनुसारको परिमाणमा उपलब्ध छ । अहिले बजारमा १७५ मिलि र २५० मिलिको आरजिबि बोतल (रिटर्नेबल ग्लास बोटल) तथा २५० मिलि, ५०० मिलि, १ लिटर र १.५ लिटर २.२५ लिटरको पेट बोतलमा बजारमा उपलब्ध रहेको जनाइएको छ ।

# कुमारीका ग्राहकलाई सीजी डिजिटल र एलजीमा विशेष छुट



**काठमाडौं/मस** – कुमारी बैंकका ग्राहकले सीजी डिजिटल एण्ड एलजी शपबाट सामान खरिद गर्दा विशेष छुट पाउने भएका छन् । बैंकका डेबिट-क्रेडिट कार्ड वा मोबाइल बैंकिङ प्रयोगकर्ताले आधिकारिक सीजी डिजिटल र एलजी शपमार्फत उत्पादनहरू खरिद गर्दा २० प्रतिशतसम्म आकर्षक छुट पाउने भएका हुन् ।

बैंकका अनुसार यो योजना फागुन १५ गतेसम्म लागु हुनेछ । कुमारी बैंकले आफ्ना देशव्यापी ३०४ शाखा सञ्जाल, ३४५ एटिएम, ६२ शाखारहित बैंकिङ ईकाई तथा ४८ एक्सटेन्सन काउन्टरबाट बैंकिङ सुविधाहरु दिँदै आएको छ ।

# महिन्द्राको एक्सयूभी ७०० नेपालमा सार्वजनिक

**काठमाडौं/मस** – महिन्द्रा एण्ड महिन्द्राले आफ्नो फ्ल्यागशिप ग्लोबल एसयूभी- एक्सयूभी ७०० (एक्सयूभी ७ डबल ओ) नेपालमा सार्वजनिक गरेको छ । भारतबाहिर दक्षिण अफ्रिकापछि नेपालमा यो गाडी सार्वजनिक गरिएको हो । कम्पनीको अनुसार नेपालमा एक्सयूभी ७०० पाँच र सात सिट क्षमताको म्यानुअल र अटोमेटिक अप्सनसहितको पेट्रोल इन्जिनमा उपलब्ध हुनेछ । एक्सयूभी ७०० भारतको सबैभन्दा प्रतिष्ठित इन्डियन कार अफ द इयर अवार्ड २०२२ को विजेता र कुल ३१ पुरस्कारहरू विजेता सबैभन्दा सम्मानित कार हो, जसमा २४ घण्टामा ४००० किलोमिटर दूरी तय गर्ने सहनशक्ति रेकर्ड ब्रेक पनि समावेश छ । कम्पनीले महिन्द्रा एक्सयूभी ७०० को शुरुवाती मूल्य ७४ लाखको तोकेको छ । यो मूल्य फेब्रुअरी २०२३ मा प्रारम्भिक डेलिभरी हुने गरी सार्वजनिक गरिएको मितिदेखि एक महिनाका लागि लागू हुने कम्पनीले बताएको छ । यस एसयूभीमा १०.२५ इन्चको ट्वस्क्रीन इन्फोटेनमेन्ट सिस्टम र क्लस्टर, सिक्स वे पावर्ड ड्राइभर सिट र १२ सोनी स्पिकरसहितको क्लास लिडिङ म्युजिक सिस्टम प्रिमियम सुविधाहरू रहेको छ ।

के तपाईंको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुविधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको वार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

प्रदेश सरकार
## सडक पूर्वाधार तथा शहरी विकास मन्त्रालय
## शहरी विकास तथा भवन कार्यालय, धनकुटा

### बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना

**प्रकाशन मिति: २०७९/१०/१७**

यस कार्यालयको बोलपत्र आह्वानको सूचना अनुसार निम्न योजनाको लागि प्राविधिक प्रस्तावमा प्रभावग्राही भएका बोलपत्रहरु मध्ये न्युनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही निम्न बोलपत्रदाताको बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा आशयको प्रयोजनको लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि. नं. | योजनाको नाम, ठेगाना | निर्माण व्यवसायीको नाम, ठेगाना | कबोल अङ्क रु. (मु.अ.कर र प्रोभिजनल सम बाहेक) |
|---|---|---|---|
| १ | Construction of Nepal Red Cross Society Office Building at Chhintang, Dhankuta | Puja Nirman Sewa Koshi-2 Sunsari | 16,99,998.00 |
| २ | Construction of Care Women Nepal Samudayik Bhawan at Pakhribash-4, Dhankuta | Pradhan Construction Dhankuta Municipality-5, Dhankuta | 17,25,018.00 |
| ३ | Upgradation Work of Maulo Kaseni dekhi Bhulke jane Road at Pakhribash, Dhankuta | Pradhan Construction Dhankuta Municipality-5, Dhankuta | 15,66,965.00 |
| ४ | Construction of Bihibare Hatiya Dekhi Virgaon Jane Sadak, Dhankuta | Khoku Nirman Sewa Khoku-2, Dhankuta | 13,02,000.00 |
| ५ | Construction of Newar Sangh Bhawan at Khandbari Sankhuwasabha | Inya Nirman Pvt.ltd. Panchkhapan-7, Sankhuwasabha | 11,00,692.00 |
| ६ | Construction of Buspark at Tumlingtar, Khandbari Sankhuwasabha | Inya Nirman Pvt.ltd. Panchkhapan-7, Sankhuwasabha | 7,07,749.60 |

**कार्यालय प्रमुख**

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१-४३०६३६६, ०१-४३८०९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, सीईओ तथा कार्यकारी सम्पादक : दीपेन्द्रविक्रम लामा; सम्पादक: मदनकुमार श्रेष्ठ